म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १२ शुक्रबार २६ साउन २०८० ने. सं. ११४३ अनलागा 11 August 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## ७ वाहिनीले जित्यो पृतनापति ट्रफी

हेटौंडा, २५ साउन/मध्यपृतना मुख्यालय हेटौंडाको आयोजनामा भएको पृतनापति ट्रफी-२०८० को उपाधि ७ नम्बर वाहिनीले जितेको छ । साउन १९ गतेदेखि मध्यपृतनाको सुपारीटार ब्यारेकको खेलमैदानमा सुरु भएको विभिन्न खेल विधामा अग्रस्थान हासिल गरेर ७ नम्बर वाहिनी प्रथम भएको हो । बिहीबार भएको फुटबलको फाइनल खेलमा ७ नम्बर वाहिनीअन्तर्गत पर्ने गोरखबहादुर गण विजयी भएको छ । ६ नम्बर वाहिनीअन्तर्गत पर्ने शिवदल गणलाई गोरखबहादुर गणले ७ गोल अन्तरले पराजित गरेको थियो । ६ नम्बर वाहिनी पृतनापति ट्रफी-२०८० को उपविजेता बनेको छ । मध्यपृतना मुख्य कार्यालय हेटौंडाले विगतदेखि नै पृतनापति ट्रफी प्रतियोगिता आयोजना गर्दै आइरहेको छ ।

# डेंगीबाट हेटौंडामा एक जनाको मृत्यु, नगरबासीमा उच्चसतर्कता देखिएन



साझाकुरा संवाददाता

हेटौंडा, २५ साउन/ हेटौंडामा 'एडिज एजिप्टाई' र 'एडिज अल्वोपिक्ट्स' जातको पोथी लामखुट्टेको टोकाईबाट हुने डेंगी संक्रमणका कारण बिहीबार एकजनाको ज्यान गएको छ ।

यसवर्ष डेंगी रोग संक्रमणका कारण मकवानपुरमा पहिलोपटक एकजनाको मृत्यु भएको चिकित्सकहरुले जानकारी दिएका छन् । डेंगी संक्रमणबाट हेटौंडा उपमहानगरपालिका-१२, पदम-पोखरीका ४१ वर्षीय राजेश प्रधानको मृत्यु भएको छ । तीन दिनअघि हेटौंडास्थित सञ्चो अस्पतालमा परीक्षण गराउँदा प्रधानमा डेंगी संक्रमण पुष्टि भएको थियो । डेंगी देखिएपछि उनी घर गएका थिए ।

सञ्चो अस्पतालका डा. विकास थापाका अनुसार डेंगी संक्रमणपछि घरमै आराम गर्ने भनेर गएका प्रधान मंगलबार अस्पताल भर्ना भएका थिए । बुधबार थप उपचारका लागि भरतपुर गएका प्रधानको बिहीबार उपचारको क्रममा नयाँ मेडिकल कलेजमा मृत्यु भएको हो । प्रधानलाई दोस्रोपटक डेंगी संक्रमण पुष्टि भएको थियो । पछिल्लो समय हेटौंडामा डेंगी संक्रमितको संख्या बढिरहेको छ ।

यसैगरी, मकवानपुरमा पछिल्लो २४ घण्टाभित्र थप १२ जनामा डेंगी संक्रमण पुष्टि भएको छ । १२ जना नयाँ डेंगी संक्रमण फेला परेको जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरले जानकारी दिएको छ । जिल्ला स्वास्थ्य कार्यालयका अनुसार, बिहीबार थपिएसँगै हेटौंडामा डेंगी संक्रमणको कूल संख्या ५४ जना पुगेको छ । जसमा २८ जना पुरुष र २६ जना महिला रहेका छन् । यो तथ्यांक साउन १ गतेदेखि बिहीवार दिउससम्मको हो । यस्तै, जिल्लामा साउन १ गतेदेखि हालसम्म ५८ जनामा डेंगी संक्रमण पुष्टि भएको छ । जसमध्ये २७ जना महिला र ३१ जना पुरुष रहेको स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ ।

नेपालमा हालसम्म डेंगी संक्रमितको संख्या ११ हजार कटेको छ । ईपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (ईडीसीडी)ले उपलब्ध गराएको हालसम्मको तथ्यांकअनुसार संक्रमितको संख्या ११ हजार १५७ पुगेको हो । ७४ जिल्लामा फैलिएको डेंगीबाट हालसम्म ८ जनाले ज्यान गुमाइसकेका छन् । डेंगीबाट सबैभन्दा बढी सुनसरी जिल्ला प्रभावित बनेको छ । सुनसरीमा संक्रमितको संख्या ६ हजार ३ सया पुगेको छ । मोरङमा १ हजार ३ सया ९३, धादिङमा १ हजार १ सय १०, कास्कीमा २ सय २७, धनकुटामा २ सय २३, दार्चुलामा १ सय ९२, झापामा १ सय ८२, काठमाडौंमा १ सय ५३, संखुवासभामा १ सय ४८ र तनहुँमा ७९ वटा संक्रमण देखिएका छन् ।

प्रादेशिक तथ्यांक हेर्दा सबैभन्दा धेरै कोशी प्रदेशमै ८ हजार ४ सय २० जनामा डेंगी संक्रमण भइसकेको छ । बागमती प्रदेशमा १ हजार ५ सय ४७, गण्डकी प्रदेशमा ४ सय ८१ र सुदूरपश्चिम प्रदेशमा ४ सय ४ जना, लुम्बिनी प्रदेशमा २ सय १९, मधेश प्रदेशमा ५८ र कर्णाली प्रदेशमा २८ जना संक्रमित भइसकेको ईपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (ईडीसीडी)ले जानकारी दिएको छ ।

डेंगी संक्रमण बढ्नुको कारण बढ्दो सहरीकरणसँगै प्लाष्टिकको अव्यवस्थित प्रयोग बढ्नुले हो । प्रयोग गरेर फालिएका प्लाष्टिकका सामान, मोटर र साइकलका टायर, टिनका भाँडा र गमलाहरुमा जमेको सफा पानीमा लाम्मखुट्टेले अण्डा पार्छ । अण्डाबाट लार्भा, प्युपा हुदै वयस्क लामखुट्टेमा परिणत हुन्छ । डेंगी सङ्क्रमित लामखुट्टेको जीवनचक्र चार साताको हुन्छ । यसले एकपटकमा १०० देखि ४०० वटासम्म अण्डा पार्छ । यो लामखुट्टेले जमेको सफा पानीमा मात्र अण्डा पार्ने भएकाले घर वरिपरि कुनै पनि ठाँउमा पानी जम्न दिनु हुँदैन । यो लामखुट्टेको स्वभाव घर वरिपरि र मान्छेको भिडभाडमा रहने खालको हुन्छ र पोथी लामखुट्टेबाट मात्र रोग मानिसमा सर्छ ।

डेंगीबाट बच्न घरभित्र भण्डारण गरेर राखिएको पानी पनि राम्ररी छोपेर राख्नु पर्ने चिकित्सकहरु बताउँछन् । बिहान र दिउँसो टोक्ने भएकाले पूरा जीउ ढाक्ने कपडा लगाउनुका साथै लामखुट्टेले नटोक्ने मलम शरीरका देखिने भागमा लगाएर पनि बच्न सकिन्छ । घर भित्र लामखुट्टे मर्ने औषधि कुनाकाप्चा र दराजमा पनि छर्कनु पर्छ । औषधि छर्की सकेपछि घर को झ्याल ढोका कम्तीमा १५ देखि २० मिनेट बन्द गर्नुपर्ने चिकित्सकहरुले सल्लाह दिएका छन् । डेंगीको खास उपचार र रोकथाम गर्ने खोप नभएकाले यसको लाक्षणिक उपचार मात्र हुन्छ ।

हेटौंडा उपमहानगरका प्रवक्ता सबिन न्यौपानेका अनुसार नगरबासीले उच्चसतर्कता अपनाउने कार्यमा हेलचेक्र्याईं गरिरहेको बताएका छन् । नगरबासीले आफ्नो घर वरपरको सरसफाईमा ध्यान नदिएको, लामखुट्टे नियन्त्रणमा चासो नदिएको प्रबक्ता न्यौपानेले बताए । उपमहानगरका सबै वडा कार्यालयले टोलविकास संस्थामार्फत् डेंगी रोग संक्रमण गराउने लामखुट्टे फैलन नदिन औषधि छिट्ने काम गरिरहेको भएपनि नगर बासीले खासै चासो देखाएका छैनन् । नगरबासीले आफ्नो घर, आँगन, चोक, सफा राख्ने कार्य आफैंले गर्नुको सट्टा नगर पालिकाले आएर गर्नुपर्छ भन्ने गरेको पाइएको छ ।

# बागमतीमा एक वर्षभित्र ९४० जनाले गरे आत्महत्या

साझाकुरा संवाददाता

हेटौंडा, २५ साउन/ बागमती प्रदेशमा अघिल्लो वर्षको तुलनामा आत्महत्या गर्नेको संख्या बढेको छ । यस प्रदेशमा बितेको आर्थिक वर्षमा ९४० जनाले आत्महत्या गरेका छन् । अघिल्लो आर्थिक वर्षको तुलनामा यो संख्या बढेको हो ।

अघिल्लो आर्थिक वर्ष २०७८/७९ मा ९०२ जनाले आत्महत्या गरेका थिए । बितेको आर्थिक वर्षमा यो संख्या बढेर ९४० पुगेको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । झुण्डिएर, बिषसेवन गरेर, हामफालेर आत्महत्या गर्ने गरेको प्रदेश प्रहरीले जनाएको छ । प्रदेश प्रहरी कार्यालय हेटौंडा अन्तर गतका १० जिल्लामा मात्र यतीका धेरै आत्महत्या भएपनि यसलाई रोकथाम गर्नका लागि प्रयास भने कमै मात्र भएका छन् । हरेक वर्ष आत्महत्याले विकराल रुप लिदै गएको छ । यसतर्फ तीन तहका सरकारको ध्यान जान नसकेको पीडित परिवारहरु बताउँछन् ।

यसैगरी, मकवानपुर जिल्लामा पनि आत्महत्या गर्नेको संख्या बढेको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरस्थित महिला तथा बालबालिका सेवाकेन्द्रको तथ्यांकअनुसार गत आव ०७९/८० मा मात्रै ७४ जनाले आत्महत्या गरेका छन् ।

दुई वर्षको तथ्यांक हेर्दा आत्महत्या गर्ने १२ जना बढेको देखिन्छ । आव ०७८/७९ मा आत्महत्या गर्नेको संख्या ६२ थियो । आव ०७६/७७ मा आत्महत्या गर्ने ६४ जना, आव ०७७/७८ मा ७१ जनाले आत्महत्या गरेका थिए ।

विगत तीन वर्षको तथ्यांकलाई हेर्दा पनि गत आवमा सबैभन्दा बढीले आत्महत्या गरेको पाइएको छ । चार वर्षको तथ्यांक अनुसार झुण्डिएर आत्महत्या गर्ने १ सय ५५ जना, हाम फोलर २ जना, विषसेवन गरेर १ सय १२ जनाले आत्महत्या गरेका हुन् । गत आव ०७९/८० मा मात्रै झुण्डिएर ४४ जना, आत्मदाहबाट १ जना र विषसेवनबाट २८ जनाले आत्महत्या गरेको महिला तथा बालबालिका सेवाकेन्द्रले जानकारी दिएको छ ।

# पहिरोले कान्तिलोकपथ अवरुद्ध



साझाकुरा संवाददाता

हेटौंडा, २५ साउन/ पहिरोका कारण बागमती प्रदेशको राजधानी हेटौंडाबाट संघीय राजधानी काठमाडौं जोड्ने छोटो मार्ग अन्तरगत पर्ने कान्तिलोकपथ सडकखण्ड अवरुद्ध बनेको छ ।

बिहीबार परेको वर्षासँगै विभिन्न स्थानमा पहिरो जाँदा यो सडकखण्ड अवरुद्ध बनेको हो । कान्तिलोकपथ सकडखण्ड अन्तरगत पर्ने ललितपुर जिल्लाको बागमती गाँउपालिकाको छबेली, कोतडाँडा, काल्चे लगायतको विभिन्न स्थानमा पहिरो जाँदा कान्तिलोकपथ अवरुद्ध बनेको सडकका सुपरभाइजर साजन न्यौपाने जानकारी दिए ।

पानी पर्नेक्रम नरोकिएकोले शुक्रबार मात्र बाटो खुल्ने सम्भावना रहेको उनको भनाई छ । यो सडकखण्ड अन्तरगत पर्ने मकवानपुर तर्फ बाटो भने अवरुद्ध नभएको उनले बताए ।

# जन्मको आधारका ११७ जनालाई नागरिकता




साझाकुरा संवाददाता

हेटौंडा, २५ साउन/ जिल्ला प्रशासन कार्यालय मकवानपुरले जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेका नागरिकका सन्तानलाई वंशजको आधारमा नागरिकता प्रदान गर्न थालेको छ । हालसम्म मकवानपुर प्रशासनबाट जन्मको आधारमा नागरिकता लिएका एक सय १७ जना नागरीकका सन्तानले नेपाली नागरिकता लिएको प्रशासकीय अधिकृत आशाबहादुर थिङ लामाले बताए ।

अधिकृत लामाका अनुसार हालसम्म मकवानपुरमा जन्मको आधारमा नागरिकता लिएका नागरिकका सन्तानलाई बंशजको आधारमा ५० जना महिला र ६७ जना पुरुषले नागरिकता लिएका हुन् । मकवानपुरमा आमाको नाममा एक जना महिलाले नागरीकता लिएको लामाले बताए । आब ०७९/८० मा जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेका नागरिकका सन्तानलाई वंशजको आधारमा एक सय १२ जनाले नागरिकता पाएका थिए भने यो महिना थप पाँच जनाले नागरिकता लिएको अधिकृत लामाले बताए ।

जन्मको आधारमा नागरिकता लिएको नागरिकका सन्तानले बंशजको नागरिकता लिनको लागि बावु र आमाको नागरिकता, जन्म दर्ता, स्थायी बसोवास खुल्ने कागजातहरु, मतदाता परिचयपत्र वा जग्गाधनी प्रमाणपुर्जा वा सरसफाई परिचयपत्र वा बिजुली/खानेपानीको महसुल तिरेको बिल वा नेपालमा अध्ययन गरेका शैक्षिक प्रमाणपत्र, नाता प्रमाणित लगायतका कागजात आवश्यक पर्ने उल्लेख छ । नेपाल नागरिकता ऐन २०६३ (संसोधन) बमोजिम जन्मको आधारमा नागरिकता लिएका नागरिकका सन्तानलाई वंशजको आधारमा नेपालको नागरिक्ता प्राप्त गर्न जिल्ला प्रशासन कार्यालय मकवानपुरद्वारा सूचना जारी भएको थियो ।

# गाँजाखेतीको बिकल्पमा कफीखेती गर्ने सम्झौतापत्रमा हस्ताक्षर




साझाकुरा संवाददाता

हेटौंडा, २५ साउन/ अबैध गाँजा तथा अफिमखेतीको बिकल्पमा कफीखेती गर्ने सम्झौता पत्रमा हस्ताक्षर सम्पन्न भएको छ । बिहीबार ईलाका प्रहरी कार्यालय मनहरीमा, बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडा र जिल्ला प्रहरी कार्यालय मकवानपुरको समन्वय तथा सहकार्यमा समुदाय प्रहरी साझेदारी अवधारणा अनुरुप सम्झौता पत्रमा हस्ताक्षर भएको हो ।

मकवानपुरको उत्तरी भेगमा हुने अवैध गाँजा तथा अफिमखेतीलाई वैकल्पिक नगदेवाली तर्फ आकर्षित तथा प्रोत्साहन गर्दै कफीखेतीमार्फत किसानको आयआर्जन एवं जीवनस्तर उकास्ने अभिप्रायले कार्यक्रम गरिएको हो । राक्सिराङ गाउँपालिका अध्यक्ष राजकुमार मल्ल र मास्के मल्टीपर्पोज एग्रिकल्चर एन्ड रिसर्च प्रा.लि.का कार्यकारी निर्देशक धनबहादुर श्रेष्ठबीच चालु आ.ब. २०८०/८१ मा ३ लाखवटा कफीका तयारी विरुवा नि:शुल्क रुपमा उपलब्ध गराउने सम्झौता भएको हो ।

गाउँपालिका र प्रालिबीच सम्झौतापत्रमा हस्ताक्षर भएको हो । राक्सिराङ गाँउपालिकाका अध्यक्ष मल्लको अध्यक्षतामा बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका प्रमुख प्रहरीनायबमहानिरीक्षक किरण राणाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । प्रहरी वरिष्ठउपरीक्षक दीपक रेग्मी, राक्सिराङ गाँउपालिका उपाध्यक्ष वनस्थम थिङ, जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख प्रहरीउपरीक्षक सीताराम रिजाल, सञ्चारकर्मीलगायतको उपस्थिति सम्झौता भएको हो ।

Join IT Career in HCC

Admission Open
+2
Science
Management
→Computer Science
→Hotel Management
→Business Studies
Law (English)



Bachelor Program
BSc. CSIT
BCA
BBS
(T.U. Affiliated)

यस **हेटौंडा सिटी कलेज**मा **B.Sc.CSIT** कार्यक्रम अन्तगत दोस्रो बर्ष तेस्रो शत्र (Semester) मा अध्ययनरतछात्र **श्री दिनेश खरेलले** त्रिभुवन विश्वविद्यालयद्धारा सञ्चालित प्रथम वर्ष प्रथम शत्रको परीक्षामा **89.8 प्रतिशत (500 पुर्णाङ्कमा 449 अंक प्राप्त)** ल्याई **नेपाल प्रथम** हुन सफल हुनुभएकोमा हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

साथै, **BSc. CSIT** र **BCA** को 11 औं समूहको (**2080 Batch**) लागि **प्रवेश परीक्षा तयारी कक्षा** (**Entrance Preparation Class**) सञ्चालन भइरहेको कुराको पनि सहर्ष जानकारी गराइन्छ ।

**हेटौंडा सिटी कलेज/जेनिथ**
सम्पर्क : 057-526660, 9855069444, 9855077417, 9855067435
2009 ZENITH

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞कार वास भित्र/बाहिर
☞वायरिङ मर्मत
☞A/C मर्मत तथा ग्यास रिफिलिङ
☞सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞डेन्ट, पेन्ट, प्लाष्टिक/ग्यास/इलेक्ट्रिक वेल्डिङ
☞टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞इन्जिनसम्बन्धी सबै काम
shutterstock.com · 780195388
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# उपमहानगरको सेवा प्रवाह

हेटौंडा उपमहानगरपालिकाले कार्यालयबाट प्रदान गर्दै आएको सेवा वडातहबाट प्रवाह गर्ने योजना अघि सारेको छ । आवश्यक जनशक्ति व्यवस्थापनमार्फत् वडाबासीलाई सेवा छिटोछरितो बनाउने अभियान अघि सारेको छ । उपमहानगर पालिकाले अब २० लाख रुपैयाँसम्मको विकास निर्माणका योजनालाई वडातहबाटै लागत इस्टिमेट तयार, सम्झौता, कार्य अनुगमन तथा मूल्याङ्कन गरी भुक्तानी गर्ने (फछ्र्यौट) सम्मको कार्य सुरु गर्न लागेको हो । वडातहमै २० लाख रुपैयाँसम्मको योजनाका सबै काम हुने ब्यवस्थाले नगरपालिकाको कामको चाप कम हुने मात्र नभई वडाबासीले पनि झन्झटिलो प्रक्रियाको सामना गर्न पर्दैन । आफ्नो वडाबाटै सबै काम सम्पन्न हुने भएपछि वडाबासीलाई निकै राहत हुनेछ । २० लाख रुपैयाँसम्मको विकास निर्माणका योजनाको भुक्तानी वडा कार्यालयबाटै गर्ने गरी प्राविधिक र लेखाको कर्मचारी व्यवस्थापन गर्न लागेको हो । आर्थिक वर्ष २०७८/७९ सम्म पाँच लाख रुपैयाँ बराबरको योजना वडाबाट फछ्र्यौट गर्ने अधिकार प्रदान गर्दै आएको उपमहानगरपालिकाले गत आव २०७९/८० देखि यो अधिकारलाई २० लाख रुपैयाँसम्म बढाएको हो । त्यससँगै प्राविधिक जनशक्ति व्यवस्थापन गरेको पालिकाले चालु आवदेखि लेखाको कर्मचारीसमेत वडावडामा पठाउन लागेको हो ।

बुधबार बसेको ३० औं कार्यपालिका बैठकले खर्चसम्बन्धी र जनशक्ति व्यवस्थापन गर्ने प्रतिबद्धता जनाएको हो । यसअन्तर्गत् पालिकाले अब कम्तिमा दुईवटा वडाको लेखा व्यवस्थापन गर्ने गरी एकजना लेखाअधिकृतको व्यवस्थापन गर्ने उपमहानगरपालिकाले जानकारी दिएको छ । यसलाई क्रमश: बढाएर १९ वटै वडामा एक/एक जना लेखाको कर्मचारी व्यवस्थापन गरिने भएको छ । सिंहदरबार को अधिकार गाउँगाउँमा भन्ने गणतन्त्र स्थापनापछिको नारालाई सार्थक बनाउन यसले ठूलो भूमिका खेल्ने अनुमान नगरपालिकाको हो । वडामा प्राविधिक र लेखाको कर्मचारी व्यवस्थापनसँगै योजनाको लागत इस्टिमेट तयार, सम्झौता, अनुगमन, कार्य सम्पन्नपश्चात् मूल्याङ्कन र भुक्तानीसमेत वडा कार्यालयबाटै हुने ब्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन हुनु जरुरी छ । वडातहमा योजना फरफारकसम्मको अधिकार दिनु भनेको वडाबासीलाई सहज बनाउनु हो । बिगतमा योजनाको भुक्तानीको लागि धेरैपटक नगरपालिका धाउनुपर्ने बाध्यता थियो । सानो प्रक्रिया अपुग हुँदा पनि पुन वडा कार्यालयमै फर्कनुपर्ने झन्झट थियो । वडाबासी यस्ता झन्झटबाट मुक्त हुने भएका छन् । वडामा कार्यसम्पन्न गरी नगरपालिका आएका उपभोक्ता समितिका पदाधिकारीहरुले कहिले प्राबिधिक नभेट्ने, कहिले लेखाप्रमुख नभेट्ने, कहिले प्रशासकीय प्रमुख नभेट्ने जस्ता समस्या थिए । उपभोक्ताले मात्र नभइ निर्माण ब्यवसायीले पनि यस्ता समस्या भोग्न बाध्य भएका थिए ।

आगामी दिनमा २० लाख रुपैयाँ भन्दा कम लागतका योजनाहरुको सबै कार्य वडातहमै सम्पन्न हुने प्रावधान आएपछि वडाबासीलाई सहज हुने निश्चित छ । तर, वडा कार्यालयमा पहुँचका आधारमा अनुगमन हुने, कार्यसम्पन्न सिफारिस हुने, सार्वजनिक खरीद ऐनको मर्मअनुसारको अङ्ग नपुगेका योजनामा पनि वडातहमा प्रभावमा पारेर भुक्तानी हुने सक्ने सम्भावना भने बढी हुन्छ । यो जोखिमलाई नगर कार्यपालिकाले बिशेष ध्यान दिनु जरुरी छ । यससँगै बुधबारको बैठकले २०७३ फागुनसम्म नगरपालिका कार्यालयबाट साविक १ देखि ११ नम्बर वडाबाट उपलब्ध गराइएका सिफारिसको प्रतिलिपिको ढड्डा सम्बन्धित वडामा पठाउने निर्णय गरेको छ । यसले साविक गाविसबाट नगरमा मिसिएका र स्थान परिवर्तन भएका वडाको प्रतिलिपि लिन उपमहानगरपालिका गएर ढड्डा उतार गरिरहनुपर्ने झन्झटको अन्त्य भएको छ । चालु आवको स्थानीय दररेट विश्लेषण स्वीकृत गरेको बैठकले २० लाख रुपैयाँभन्दा ठूलो परियोजनामा दुई प्रतिशत कन्टेन्जेन्सी रकम राख्ने निर्णय गरेको छ । आवधिक योजना तयार गर्न लागेको हेटौंडा उपमहानगरले यो कार्यलाई सहजीकरण गर्न कार्यदल गठन गर्ने सैद्धान्तिक सहमति दिने निर्णय गरेको बताइएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० साउन २७ गते शनिबार १२ अगष्ट २०२३ । एकादशी, अधिक श्रावण कृष्णपक्ष । अनलागा ११४३ ने.सं. । सूर्योदय ५:३३, सूर्यास्त ६:४३ । अन्तर्राष्ट्रिय युवा दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : व्यवसायबाट लाभ पाइने | **तुला** | : कुरा काट्नेहरु सक्रिय हुने |
| **वृष** | : जिम्मेवारी पूरा गर्न सकिने | **वृश्चिक** | : नयाँ काम हात पर्ने |
| **मिथुन** | : गलत विचार बढ्ने | **धनु** | : कार्यान्तरण हुन सक्ने |
| **कर्कट** | : काममा अबरोध आउने | **मकर** | : शुभ समाचार सुन्न पाइने |
| **सिंह** | : अधुरा काम पूरा हुने | **कुम्भ** | : अनावश्यक खर्च बढ्ने |
| **कन्या** | : घरेलु समस्याले सताउने | **मीन** | : भोजको अवसर मिल्ने |

# माधव नेपालको चुट्की र सर्वोच्च अदालतको मुक्का



✍ केशव भट्टराई

नेपालको राजनीतिक इतिहासमा एउटा कम्युनिस्ट कार्यकर्ता हुँदै नेता भएका र राजनीतिज्ञले सर्वोच्च अदालतका एक जना प्रधानन्यायाधीशलाई नाकैतिर निशाना सोझ्याएर बजाएको चुट्कीले एकबाजी नेपालको राजनीतिक वृत्तमा निकै ठूलो हलचल मच्चाएको हो । यस्तो किन भएको हो, फेरि फेरि पनि त्यस्तो हुने सम्भावना के कारणले छ ? खासगरी हाम्रोजस्तो सामाजिक, आर्थिक र राजनीतिक चेतनास्तर निकै तल भएको देशमा आज अलिकति गहिराइमा जाने प्रयास गरौं । हुन त, संसारको जुन देशको जुन नागरिकले धनको रुपमा प्रयोग गर्न सजिलो हुने किसिमले भनौं वा मान्छेको जीवन सुखमय बनाउने कल्पनाका साथ रूपैयाँपैसाको उत्पादन गर्‍यो, उद्देश्यचाहिँ बिलकुल ठीक थियो तर मान्छे जगत्ले पैसाको ठीक तरिकाले प्रयोग गर्न नजान्दा र खासगरी एउटा मान्छेको जुनीभरिलाई कति पैसा चाहिन्छ त्यसको गतिलो आकलन गर्न नसक्दा आज मान्छे दिग्भ्रमित हुन पुगेको छ । त्यसैको कारण मान्छे जगत् आज धनको लोभमा चुर्लुम्म डुबेको छ । धनको लोभमा यो देशका वा त्यो देशका भन्नै परेन, यो पेसा वा त्यो पेसाका पनि भन्न परेन, सबका सब मान्छे धनको लोभमा फसे । धनले पद दिलाउन मद्दत गर्ने हुँदा पदका लोभीहरुले पहिले धनमाथि आँखा गाडे । धन प्राप्तिपश्चात् पदका लागि खर्च गरे । त्यो खाले लोभले मै हुँ इमानदार भन्नेहरुलाई समेत भ्रष्टाचारीको रुपमा प्रकट गर्‍यो । अझ खित्का छाडेर हाँस्न मन लाग्ने कथाचाहिँ यस्तो छ :

एक जना साधु थिए । तिनी आफूलाई विशुद्ध कम्युनिस्टभन्दा पनि इमानदार भन्थे । उनी आफूले आयोजना गर्ने सभामा सुनाउँथे- कम्युनिस्टजत्तिको इमानदार मान्छे संसारमा अरु हुनै सक्दैन । कम्युनिस्टले अरुको मेहनत र पसिना खाँदैन । आफ्नो आम्दानी मात्र खान्छ वा प्रयोग गर्छ । कथंकदाचित् सरसापटी लिनपर्दा लिएर इमानदारितापूर्वक फिर्ता गर्छ । आर्थिक भ्रष्टाचार गर्दैन मात्रै होइन, आर्थिक भ्रष्टाचारको विरुद्धमा लड्छ । कम्युनिस्ट पहिले आफू खाँदैन, अरुलाई खुवाएरमात्रै आफू खान्छ । खान नपाएका वा लाउन नपाएका कोही देखे सम्बन्धित निकायमा खबर गर्छ र खाने-लाउने व्यवस्था गरिदिन्छ । कम्युनिस्ट शासन स्थापना भएको खण्डमा र आर्थिक अवस्था मजबुत भएको खण्डमा भौतिक सुविधा प्रयोगका सवालमा पहिले जनतालाई अधिकतम सुखसुविधा दिइन्छ । पछिमात्रै शासकको सुविधा भोग गर्ने पालो आउँछ । जनताले कार चढेपछि शासकको कार चढ्ने पालो आउँछ । कम्युनिस्ट यतिसम्मका गतिला हुन्छन् कि उनीहरु आफ्ना लागि कम र अरुका लागि बढी बाँच्छन् । यसरी कम्युनिस्टको महिमा ती साधु गाउँथे र आफूलाई कम्युनिस्टभन्दा पनि माथिको सेवक बताउँथे । उनले सधैंभरि अरुलाई दिने अर्तीचाहिँ "कहिल्यै अर्काको सित्तैमा नलिनु, नखानु भन्थे । बाटोमा धन भेटेको खण्डमा चर्को-चर्को स्वरमा तीनपटक यो धन कसको हो भनी सोध्नु र कसैले मेरो नभनेमा सरकारी ढुकुटीमा जम्मा गर्न दिनु, ताकि जनताका लागि प्रयोग हुन सकोस् ।

यस्तो अमृत बचन बोल्ने साधु जताततै प्रख्यात थिए । एकदिन एउटा बालकले ती साधुको इमानदारितापनको परीक्षा लिने विचार गरे । बालकले थाहा पाएअनुसार साधु जंगलको बाटो हुँदै पारि गाउँमा प्रवचन सुनाउन जाँदै थिएँ । ती बालकले मौका छोप्दै जंगलको माझमा गोरेटोबाट साधु हिँडिरहेका बखत तिनको अगाडि बाटोमा देखिने गरी तीनवटा सुनका सिक्का राखिदिए र आफूचाहिँ रुखमाथि चढी पातले ढाकेर साधुको गतिविधि हेर्न पर्खिए । जब साधु सुनका सिक्का नजिक आइपुगे, अकस्मात् झसङ्ग भए र यताउता फर्किएर हेरे । दायाँबायाँ, अगाडि, पछाडि हेरे । कोही देखेनन् । तिनको पालो सुनका सिक्का अलक्क टिपे । फेरि यताउता हेरे । कोही देखेनन् र उनले बिस्तारै कसैले पनि नसुन्ने गरी फुसफुसाएर भने- "यो सुनको सिक्का कसको हो ?" उनले तीनपटक फुसफुसाए । कसैले मेरो नभनेपछि उनले सिक्का खुसुक्क भित्री गोजीमा हाले र अघि बढे । पारि गाउँमा पुगेपछि साधुले प्रवचन सुरू गरे । "कसैको सित्तैमा नलिनु, नखानु, सापटी लिएपछि इमानदारितापूर्वक फिर्ता गर्नु, कसैको सामान भेटिए कसको हो भनी सोध्नु र इमानदारितापूर्वक फिर्ता गर्नु, कसैले मेरो भनी दाबी नगरे सरकारी ढुकुटीमा पुर्‍याउने बन्दोबस्त गर्नु ।"

साधुका पछिपछि गएर प्रवचन सुनिरहेका बालकले उठेर हात उठाए र सोधे- गुरूजी, यदि जंगलको बीचमा सुनको सिक्का भेटियो र तीनपटकसम्म लगातार मनमनै कसैले नसुन्ने गरी यो सिक्का कसको हो भन्दा पनि कसैले मेरो भनी दाबी नगरेको खण्डमा त त्यो सिक्का जसले भेटेको हो उसैले लिन पाउनुपर्छ होला नि ? साधुले बालकको प्रश्न के सुनेका थिए उनको निधारबाट खलखल्ती पसिना छुट्यो । जवाफ दिन अकमकाए । साधुले भने- प्रिय बालक, यो प्रवचन सकिएपछि म तिमीलाई जवाफ दिऊँला, एकैछिन धैर्य गर । प्रवचन सकियो । सबै भक्तहरु लाखापाखा लागे । जब साधु र बालकमात्रै रहे तब साधुले बालकको काँधमा हात राखेर मायालु स्वरमा भने- "बाबु, तिमीले नै जंगलको माझमा सुनका सिक्का राखेको कुरा मैले थाहा पाएँ । त्यो मभित्र रहेको लोभको परिणाम हो । धन भन्नेबित्तिकै महादेवको तीन नेत्र भनेको यही हो । म गल्ती स्वीकार्छु । अबदेखि लोभलाई भित्रैदेखि नियन्त्रण गर्छु । म सधैंभरि कम्युनिस्टभन्दा पनि इमानदार बन्ने प्रयास गर्नेछु । लैजाऊ यो तिम्रो सिक्का ।" साधुले बालकलाई सिक्का फिर्ता दिए । उनीहरु आआफ्नो बाटो लागे । एकआपसमा अलग हुँदा बालक मुसुमुसु हाँसिरहेका थिए । साधुको अनुहार मलिन थियो ।

अब प्रसङ्ग अघि बढाऔं, हाम्रा दुई भूतपूर्व कम्युनिस्ट प्रधानमन्त्री माधवकुमार नेपाल र बाबुराम भट्टराईबारे जसले आफूलाई कुनै बेला अब्बल दर्जाको कम्युनिस्ट भनिरहन्थे । यतिबेला कम्युनिस्ट भन्दा भन्दा वाक्किएर डा. बाबुराम भट्टराईले आफू माओवादी कम्युनिस्ट होइन भन्न लागेका छन् भने माधव नेपालले अहिले पनि कम्युनिस्ट नै हुँ भनिरहेका छन् । धेरैभन्दा धेरै नेपाली जनतालाई थाहा छ, यतिबेला सर्वोच्च अदालतले यी दुईभाइ भूतपूर्व प्रधानमन्त्रीलाई ललिता निवास जग्गा हिनामिना प्रकरणमा छानबिन गर्न अदालतले आदेश दिएको छ । सरकारमा बसेर निर्णय गर्ने प्रधानमन्त्री, निर्णय कार्यान्वयन गर्ने र खरिद गर्नेमात्रै दोषी ? भन्ने प्रश्न पनि खडा गरेको छ । दोषी, निर्दोष पछिको कुरा भयो । छानबिन त अवश्य हुनेभयो । नेपालको इतिहासमा बिरलै घटना हो यो कि भूतपूर्व प्रधानमन्त्रीहरुलाई आर्थिक भ्रष्टाचारको मुद्दामा छानबिन हुनेभयो । यसले नयाँ ढोका त अवश्य खोल्यो, आउने दिनमा कुनै पनि प्रधानमन्त्री छानबिनको दायराभन्दाबाहिर रहने छैनन् र गल्ती वा भ्रष्टाचार गरे कानुनले पाता कस्ने छ ।

तर, यतिबेला अर्को एउटा उखान पनि चरितार्थ भएको छ- "कहिले सासूको पालो कहिले बुहारीको पालो ।" एकपटक यही मुद्दामा दोषी ठहर गर्लान् भन्ने डरले माधवकुमार नेपालले एक समयका सर्वोच्च अदालतका प्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणालाई धम्क्याउँदै चुट्कीभरमा तल खँगारिदिन्छु भनेका थिए । चोलेन्द्रमाथि महाभियोग दर्ता पनि भयो । पछि राणाले आफूमाथि अन्याय भयो भन्दै बाहिरिए । आँसु त झारेनन् भित्रै दबाए, तर रातोपिरो भने भएकै हुन् । तर, अहिले उनै माकुनेलाई सर्वोच्चले छानबिन गर्नू भन्ने आदेशरुपी न्यायिक मुक्का हान्यो । मुक्का पनि यसरी हान्यो कि आदेशरुपी मुक्काको खबर देशका कुनाकाप्चामा रहेका जनताको कानमा मात्रै पुगेन, विश्वभरि छरिएर रहेका नेपालीको कानमा पुग्यो । सब चकित भए ! संसारमा सबैभन्दा इमानदार हुनुपर्ने कम्युनिस्ट प्रधानमन्त्री आर्थिक भ्रष्टाचार गरेको अभियोगमा छानबिनमा परे । कम्युनिस्ट के हो भन्ने परिभाषालाई एकपटक स्मरण गर्ने हो भने यो बेइज्जत माधवकुमार नेपाल र बाबुराम भट्टराईको मात्रै होइन, अलिअलि बेइज्जतको बाछिटाले अरु कम्युनिस्टलाई पनि छुन्छ । धोइपखाली अरुले पनि गर्नुपर्छ । जे नहुनु पर्थ्यो त्यही भयो । कम्युनिस्ट पार्टीको ठूलै कम्युनिस्ट नेता आर्थिक भ्रष्टाचारमा मुछिए । माधवकुमार नेपाल र बाबुराम भट्टराईलाई श्रीपशुपतिनाथले खान, लाउन र औषधि उपचारबाट कहिल्यै वञ्चित नगरुन् । *(साभार: चितवनपोष्ट)*

# 'बोर्डरलेस नेपाल' को परिकल्पना

✍ विश्वास गौचन

आईआईडीएसले हालै सार्वजनिक गरेको एक अध्ययनको प्रतिवेदनमा खासै चर्चा नभएको सूचना प्रविधि (आईटी) क्षेत्र पछिल्लो समय कसरी महत्वपूर्ण बन्दै गैरहेको छ भन्नेबारे पहिलो पटक रोचक नयाँ प्रमाणहरू छन् । सो प्रतिवेदनले सन् २०२२ मा आईटी क्षेत्रको कुल निर्यात ५० करोड अमेरिकी डलर नाघेको र कोभिड-१९ महामारीपछि द्रुत गतिले बढेको देखाएको छ । साथै ६६ हजारभन्दा धेरै रोजगारी सृजना गर्दै मुलुकको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) मा १.४ प्रतिशत योगदान दिएर कुल विदेशी मुद्रा आर्जनमा ५.५ प्रतिशत योगदान दिएको पुष्टि गरेको छ ।

यो क्षेत्रको महत्त्व र सम्भावनालाई सन्दर्भबद्ध गर्न उक्त तथ्यांकलाई अन्य क्षेत्रका तथ्यांकसँग जोडेर विश्लेषण गर्नु र बुझ्नु उपयुक्त हुन्छ । निर्यातको उच्च सम्भावना भनेर सरकारले लामो समयदेखि विशेष सुविधा दिइरहेको अलैंची, चिया, अदुवा, कार्पेटजस्ता करिब तीन दर्जन वस्तुको कुल निर्यात पनि लगभग ५० करोड डलर मात्र छ । कृत्रिम ढंगबाट निर्यात गरिने पाम तेल र भटमासको तेललाई गणना नगर्ने हो भने सन् २०२१/२२ मा भारतमा केवल ५४ करोड डलर बराबरको सामान मात्र निर्यात भएको थियो भने अन्य मुलुकमा करिब ३६ करोड डलरको वस्तु । त्यस्तै, ८ हजार वस्तुको निर्यातमा भन्सारछुट र कोटा सुविधा दिएको चीनमा १ करोड डलर बराबरको निर्यात पनि हुन नसकेको अत्यन्तै दयनीय अवस्था छ ।

लामो समयदेखि प्रचुर सम्भावना बोकेका अर्थतन्त्रका दुई प्रमुख क्षेत्रका रूपमा पर्यटन र जल विद्युत्को चर्चा भएको धेरै भए पनि जीडीपी र विदेशी मुद्रा आर्जनमा यिनको योगदान निराशाजनक छ । पर्यटन क्षेत्रबाट हालसम्मकै सबैभन्दा धेरै वार्षिक विदेशी मुद्रा आम्दानी सन् २०१९ मा ७० करोड डलर पनि पुग्न सकेको थिएन भने कोभिड-१९ पछिका वर्षमा आईटी क्षेत्रले नै निरन्तर उछिनिरहेको छ ।

असीमित सम्भावनाको गलत भाष्य निर्माण गरिएको जलविद्युत् क्षेत्रको स्थापित क्षमता अझसम्म ३ हजार मेगावाट पनि पुग्न सकेको छैन । जलविद्युत् निर्यातबाट आईटी क्षेत्र बराबरको विदेशी मुद्रा आर्जन गर्न अझै केही वर्ष पर्खनुपर्ने अवस्था छ । जलविद्युत् उत्पादनमा मुलुकको अधिकतम क्षमता भनिएको ४० हजार मेगावाट नै बिजुली निकासी गरे पनि हामीले वार्षिक करिब ९-१० अर्ब डलर मात्र विदेशी मुद्रा आर्जन गर्न सक्छौं, जुन नेपाली आप्रवासीहरूले पठाउने एक वर्षको विप्रेषण बराबर हो । तर ४० हजार मेगावाट बराबरको जलविद्युत् उत्पादन क्षमता बनाउन हाम्रो अर्थतन्त्रको दुई गुणा आकार बराबरको स्रोत तथा लगानी जुटाउन सहज छैन ।

अति आशावादी भएर दुई दशकपछि पूर्ण क्षमतामा विद्युत् निकास गर्ने लक्ष्य राखे पनि भविष्यमा शोधनान्तर स्थितिको चुनौती जलविद्युत् निर्यातले मात्र सम्बोधन गर्न सक्नेछैन । किनभने, सन् २०२१/२२ मा मुलुकले करिब १५.८ अर्ब डलरका वस्तु तथा सेवाहरू आयात गर्दा १४ अर्ब डलरको व्यापार घाटा बेहोरेको कहालीलाग्दो अवस्था छ ।

यसका अलावा बिजुली निर्यातका लागि भारतमाथिको परनिर्भरताका कारण एकल खरिदकर्ता प्रकृतिको बजार व्यवस्था (मनोप्सोनी) ले निम्त्याउने उच्च जोखिम नेपालले सधैं खेपिरहनुपर्नेछ । भारतले नेपालको ऊर्जा क्षेत्रमा देखाएको संकीर्ण मनोवृत्तिका कारण विद्युत् निर्यातबाट धेरै उत्साहित हुनु व्यावहारिक हुँदैन । भारतले आफ्नै स्वार्थ, सुविधा र गति अनुसार नेपालको ऊर्जा क्षेत्रको प्रवर्धनमा संलग्न हुने रणनीति अवलम्बन गर्नेछ । खाडी मुलुकले पेट्रोलियम पदार्थ, अमेरिकाले डलर र रुसले ग्यासलाई हतियारका रूपमा प्रयोग गरेजस्तै भारतले पनि नेपालसँगको सम्बन्धमा पारवहन सुविधा र जलविद्युत् व्यापारलाई सधैं आफ्नो स्वार्थका लागि रणनीतिक साधनका रूपमा प्रयोग गर्नेछ ।

हाम्रा दुई छिमेकी मुलुक भारत र चीनले लामो समयदेखि उच्च आर्थिक वृद्धि हासिल गरे पनि नेपालको औसत वार्षिक आर्थिक वृद्धिदर ४.५ प्रतिशतभन्दा कम छ । यी दुई विशाल अर्थतन्त्रको उच्च आर्थिक वृद्धिदरबाट नेपाललाई अहिलेसम्म न आर्थिक लाभ हुन सकेको छ न भविष्यमा सो स्थितिमा कुनै सुधार आउने अवस्था छ । यी दुई मुलुकसँगको शोधनान्तर घाटा झन्झन् बढ्दो छ । व्यापार घाटा वस्तुमा मात्र सीमित नभएर सेवा र विप्रेषण प्रवाहमा पनि निरन्तर रूपले बढेको छ । हाम्रोजस्तो सानो अर्थतन्त्रले यी दुई छिमेकी मुलुकलाई उल्लेख्य आर्थिक योगदान गरे पनि नेपालले यी दुई विशाल राष्ट्रबाट आफ्नै स्वार्थका केही झिनामसिना सहयोगबाहेक ठूलो आर्थिक लाभ पाउन सकेको छैन । भूपरिवेष्टित राष्ट्र भए पनि छिमेकी राष्ट्रहरू असल र समझदार हुँदा र अन्तर्राष्ट्रिय कानुनको पूर्ण रूपले पालना गर्दा कसरी विकास गर्न सकिन्छ भन्ने उदाहरण स्विट्जरल्यान्ड र अस्ट्रियाजस्ता विश्वमै उच्च आय भएका भूपरिवेष्टित धनी मुलुकहरूले देखाएका छन् ।

भारत पाँचौं ठूलो अर्थतन्त्रबाट सन् २०३० सम्म विश्वको तेस्रो ठूलो अर्थतन्त्र र चीन भने विश्वको सबैभन्दा ठूलो अर्थतन्त्र बन्ने क्रममा छन् । चीन र भारतको आर्थिक उदयले 'आर्थिक गुरुत्वाकर्षण केन्द्र' (इकोनोमिक सेन्टर अफ ग्र्याभिटी) पश्चिम दिशाबाट नेपालतर्फ सर्दै गर्दा नयाँ आर्थिक अवसर तथा सम्भावना पनि विस्तार हुनुपर्नेमा नयाँ भू-राजनीतिक चुनौतीसँगै अकल्पनीय जोखिम निम्तिने सम्भावना बढेको छ । पछिल्लो समय हाम्रा दुई छिमेकी राष्ट्रहरूले नेपालमा गरेको पूर्वाधार लगानीलाई राजनीतीकरण गर्ने बढ्दो होडबाजीले सो कुराको पुष्टि गरेको छ । नेपाल भूपरिवेष्टित मुलुक हुनु र भारत र चीन छिमेकी हुनु नै हाम्रो सबैभन्दा ठूलो यथार्थता हो । राजनीतिक तथा वैदेशिक नीति वृत्तमा केही व्यक्तिले परिकल्पना गरेजस्तो नेपाल यी दुई मुलुक जोड्ने माध्यम (ल्यान्डलिंक) बन्न सक्ने सम्भावना अत्यन्त न्यून छ ।

त्यसैले मुलुकको अर्थतन्त्रलाई गतिशील, उत्पादनशील र प्रतिस्पर्धी बनाउन एवं यी दुई देशप्रतिको परनिर्भरतालाई न्यून गर्दै लैजान विविध मौलिक उपायहरू अवलम्बन गर्दै सम्भावनाका नयाँ क्षेत्रहरू तत्काल पहिचान गर्दै जानुपर्छ । सम्भावनाको हिसाबले पर्यटन र जलविद्युत्भन्दा बाहिरका क्षेत्र तथा भारत र चीनभन्दा परका अर्थतन्त्र पहिचान गर्दै उच्च र दिगो आर्थिक वृद्धि हासिल गर्ने रणनीति तय गर्नुपर्छ । हामीले विश्व अर्थतन्त्रसँग जोडिने उपायमार्फत आर्थिक अवसर र सम्भावना फराकिलो बनाउँदै समृद्धि र विकास हासिल गर्ने रणनीति लिनुपर्छ ।

यसै सन्दर्भमा हाम्रा लागि 'सीमाहीन नेपाल' (बोर्डरलेस नेपाल) को अवधारणा मौलिक, पृथक् र सान्दर्भिक हुनेछ । यो अवधारणाले भौतिक तथा राजनीतिक सिमानाले थोपरेको सीमितता र विकसित भू-राजनीतिक यथार्थतालाई आत्मबोध गर्दै नयाँ प्रविधिले उघारेको सम्भावना र अवसर पहिचान गर्नेछ । हाम्रोजस्तो भूपरिवेष्टित देशका लागि सीमारहित राष्ट्रको परिकल्पना आफैंमा विरोधाभासपूर्ण लाग्नु स्वाभाविक हो । सिमाना र छिमेकी परिवर्तन गर्न सकिँदैन, यो अनन्त सत्य हो । यही अपरिवर्तनीय भौगोलिक सत्य र भर्चुअल संसार अर्थात् डिजिटल इकोसिस्टमबीच हामीले हाम्रा सम्भावना र नयाँ अवसरहरू खोज्ने हो । सीमारहित देशको परिकल्पना हाम्रो अन्तर्निहित भौगोलिक यथार्थता र नयाँ प्रविधिको सम्मिश्रणको एक नवीनतम तर व्यावहारिक अवधारणा हो । नयाँ प्रविधिको प्रयोगबाट नेपाललाई सीमाहीन मुलुक बनाउने रणनीति नै सबैभन्दा व्यावहारिक, सान्दर्भिक र प्रभावकारी हुनेछ ।

हाम्रो लजिस्टिक लागत तथा व्यवसाय गर्ने लागत उच्च छ र भौगोलिक बनोटले भौतिक पूर्वाधार निर्माण तथा विकास अत्यन्त चुनौतीपूर्ण छ । उच्च लागत र भारतमार्फत निर्यात गर्नुपर्ने बाध्यताका कारण वस्तु उत्पादन गरेर निर्यात गर्न सक्ने सम्भावना न्यून छ । त्यसैले भू-राजनीतिका कारण सृजित चुनौती सामना गर्न र डिजिटल क्रान्तिले उघारेका अवसरहरू छोप्न 'सीमाहीन नेपाल' को अवधारणा अन्तर्गत तौलरहित सेवा निर्यात नै सान्दर्भिक र प्रभावकारी हुनेछ । यस परिकल्पनालाई आत्मसात् गर्दै अर्थतन्त्रको डिजिटलाइजेसन र यसलाई ग्लोबल डिजिटल इकोसिस्टममा एकीकृत गर्ने रणनीतिक उपाय र सो सम्बन्धी राज्यले गर्ने लगानी हाम्रा लागि महत्वपूर्ण हुनेछ ।

५२ देश सदस्य भएको अर्गनाइजेसन फर इकोनोमिक को-अपरेसन एन्ड डेभलपमेन्ट (ओईसीडी) ले विश्वको कुल जनसंख्यामध्ये झन्डै १८ प्रतिशतको प्रतिनिधित्व गरे पनि विश्व जीडीपीको ६० प्रतिशत हिस्सा ओगटेको छ । यो संगठनको जीडीपीमा सेवा क्षेत्रको योगदान ७५ प्रतिशतभन्दा बढी छ । अमेरिका, युरोपेली देशहरू, जापान र बेलायतजस्ता धनी तथा विकसित ओईसीडी सदस्यराष्ट्रहरूमा त सेवा क्षेत्रले जीडीपीको ८० प्रतिशत ओगटेको छ । प्रविधिको विकाससँगै थप सेवाहरू व्यापारजन्य बन्दै गएको सिलसिलामा नेपालजस्तो भूपरिवेष्टित मुलुकले सेवा क्षेत्रको विश्व मूल्य अभिवृद्धि शृंखलामा एकीकृत हुने अवसरलाई सदुपयोग गरी उल्लेख्य आर्थिक वृद्धि गर्न सक्छ । त्यसैले हाम्रा लागि भारत र चीनसँगको सम्बन्धजस्तै अन्तर्राष्ट्रिय समुदायसँगको सम्बन्ध पनि सधैं एकदम महत्वपूर्ण रहिरहनेछ ।

यस क्रममा ती विकसित मुलुकमा बसोबास गर्ने आप्रवासी नेपाली समुदायको भूमिका महत्वपूर्ण हुनेछ । पहिलो पुस्ताका अधिकांश आप्रवासी नेपालीले आफू र आफ्ना परिवारलाई स्थापित गर्न नै संघर्ष गरे । तर दोस्रो पुस्ता जो त्यहीं जन्मियो, हुर्कियो र विकसित मुलुकको पालनपोषण, शिक्षा, सुविधा र संस्कार पाएको छ, उसले विकसित राष्ट्रका ठेट नागरिकसरह सम्भावना र अवसर पाएको छ । अब यो पुस्ताका युवाहरू आर्थिक रूपमा सक्रिय हुँदै छन् । यो पुस्ताका युवामध्ये केही उद्यमी भविष्यमा अर्बपति पनि होलान् । अमेरिकामा सूचना प्रविधि तथा डिजिटल क्षेत्रमा हजारौं नेपाली आप्रवासीहरू आबद्ध छन् । यो समूहसहित नेपाली मूलका भविष्यका केही अर्बपति उद्यमीमार्फत नेपाल र अमेरिका लगायत अन्य विकसित मुलुकको अर्थतन्त्रलाई डिजिटल क्षेत्रका माध्यमबाट जोड्न सके नेपालले ठूलो लाभ लिन सक्नेछ । त्यसैले विदेशमा रहेका अप्रावासी नेपाली समुदायसँग निरन्तर रूपमा जोडिने उपायहरू प्रवर्धन गर्नुपर्छ ।

विश्व डिजिटल इकोसिस्टमको हिस्सा बनेर 'सीमाहीन नेपाल' को उद्देश्य हासिल गर्न हाम्रो शिक्षा प्रणालीलाई पूर्णत: रूपान्तरण गर्नु अपरिहार्य छ । २१ औं शताब्दीले उघारेको अवसरबाट उचित लाभ लिन हाम्रो मानव संसाधन निर्माण प्रणाली पनि सोहीअनुरूप गतिशील, गुणस्तरीय र समयसापेक्ष हुनुपर्छ । यसका लागि स्कुलहरूमा विज्ञान, प्रविधि, अंग्रेजी र गणित अर्थात् 'स्टेम' विषयलाई प्रवर्धन गर्दै कलेज डिग्रीमा आवश्यक सीपहरू प्रदान गर्नुपर्छ । तर यस्तो महत्वाकांक्षा प्राप्तिको पहिलो निर्विकल्प आधार भनेको शिक्षा क्षेत्रमा शून्य राजनीतिक हस्तक्षेप हो । विद्यार्थी संख्याको हिसाबले विश्वको सबैभन्दा ठूलो त्रिभुवन विश्वविद्यालय व्यवस्थापनको हिसाबले सबैभन्दा धेरै राजनीतिक हस्तक्षेप हुने अध्ययन संस्था हुनु नेपालका लागि अत्यन्त दुर्भाग्यपूर्ण अवस्था हो ।

काठमाडौंको बालाजुस्थित देशको पहिलो औद्योगिक क्षेत्रभित्र शून्य मूल्य अभिवृद्धि हुने करिब एक दर्जन सवारी साधनका सोरुम छन् । यो दृष्टान्तले राज्यका दुइटा बेथितिलाई उजागर गरेको छ– दलाल पुँजीवाद (क्रोनी क्यापिटलिजम) को नांगो प्रदर्शन र उत्पादनशील क्षेत्रको जीर्ण अवस्था । यी सहरकेन्द्रित औद्योगिक क्षेत्रहरूलाई आईटी पार्कमा रूपान्तरण गरेर संरचनात्मक सुधारको थालनीको सन्देश दिनुपर्छ । नीति तथा प्राथमिकतामा गरिने यस्तो पहलकदमीले मुलुकको अर्थतन्त्रलाई रूपान्तरण गर्न र समग्र विकासको परिदृश्यमा परिवर्तन ल्याउन ठूलो भूमिका खेल्नेछ । मुलुकमा धेरै राजनीतिक परिवर्तन भए तर विकास र समृद्धिले देश र जनतालाई छुन सकेको छैन । युवा पुस्ता निराश र अधैर्य छ ।

*(साभार: ई-कान्तिपुर)*

# किन पक्राउ परे कांग्रेस सांसद सुनिल शर्मा ?

काठमाडौं /नेपाली कांग्रेसका सांसद डा. सुनिल शर्मा पक्राउ परेका छन् । मोरङ क्षेत्र नम्बर ३ बाट निर्वाचित नेपाली कांग्रेसका सांसद डा. शर्माले एमबीबीएस पढ्दा पेश गरेको आईएस्सीको प्रमाणपत्र शंकास्पद रहेको भन्दै प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) ले नियन्त्रणमा लिएको हो ।

सीआईबीले शर्मालाई बिहान ११ बजेतिर गोल्फुटारस्थित घरबाट नियन्त्रणमा लिएका थियो भने यसबारे सभामुखलाई अपराह्न जानकारी गराएको छ ।

संविधानको धारा १०३ मा सांसद पक्राउसम्बन्धी व्यवस्था छ, जसअनुसार अधिवेशन चलेको बेला फौजदारी अभियोगमाबाहेक अरुमा संघीय सांसदलाई पक्राउ गर्न नपाउने उल्लेख छ । फौजदारी अभियोगमा पक्राउ गरे त्यसको सूचना सम्बन्धित सदनको अध्यक्षता गर्ने व्यक्तिलाई तुरुन्त दिनुपर्ने भनिएको छ ।



शर्माको दल कांग्रेसले भने औपचारिक रुपमा केही बोलेको छैन । बिहीबार अपराह्न बसेको संसदीय दल कार्यसमिति बैठकमा शर्माको पक्राउबारे छलफल भने भएको थियो । पार्टीका सांसद शर्मालाई पक्राउ गर्नुको कारणबारे बुझ्ने काम भइरहेको भन्दै कांग्रेस प्रमुख सचेतक रमेश लेखकले भने 'के कारणले पक्राउ परेको रहेछ भन्ने थाहा पाएपछि आफ्नो धारणा बनाउँछौं ।'

कांग्रेसकै कतिपय नेताहरु भने सांसद शर्माको पक्राउलाई शंकाको नजरले हेर्छन् । उनको सचिवालयले 'संसदमा शर्माले गृहमन्त्री र अर्थमन्त्रीको राजीनामा मागेकै कारण प्रतिशोध साँध्न' पक्राउ गरिएको जिकिर गरेको छ ।

**शर्माको विवादित विगत**

सांसद शर्मा नोबेल मेडिकल कलेज, विराटनगर र काठमाडौं मेडिकल कलेज (केएमसी), सिनामंगलका सञ्चालक हुन् ।

उनी मेडिकल क्षेत्रमा उनी जसरी आए, त्यसमा थुप्रै प्रश्न छ । नोबेल मेडिकल कलेजलाई काठमाडौं विश्वविद्यालयबाट सम्बन्धन दिलाउन भूमिका खेलेका उनको समूहले वाईसीएलसँग मिलेर डा. ज्ञानेन्द्र गिरी समूहको शेयर हत्याएको आरोप छ । २०७० को दशकको सुरुवातमा नेपाल मेडिकल काउन्सिलका पदाधिकारीहरुलाई प्रभावित पारेर क्षमताभन्दा बढी एमबीबीएस र एमडीको सिट निर्धारण गराए, जुन राष्ट्रिय सतर्कता केन्द्रको अध्ययनले पुष्टि गरेको छ ।

उनले सञ्चालन गरेको मेडिकल कलेजले विद्यार्थीहरुसँग सरकारले तोके भन्दा बढी शुल्क लिएका दर्जनौं उजुरी परे । सरकारले ४५ लाख रुपैयाँ शुल्क तोकेको अवस्थामा नोबेललगायतका कलेजले ७५ लाख रुपैयाँसम्म लिएको पाइएको थियो । विद्यार्थीहरुलाई दबाब दिएर उजुरी नै दिनबाट रोक्ने गरेका थिए ।

शर्माको समूहले २०७८ भदौमा सिनामंगलस्थित केएमसीको स्वामित्व खरिद गरेको छ । उनले खरिद गरेपछि केएमसीमा पनि बढी शुल्क लिएको विवाद भयो । शर्माविरुद्ध राजस्व छलि, गैरकानूनी सम्पत्ति आर्जन लगायतका उजुरी पनि छ । सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले २०७६ मंसिरमा नोबेल मेडिकल कलेजमा छापा मारेर कागजात बरामदसमेत गरेको थियो । तर विभागले उनीमाथिको अनुसन्धान अहिलेसम्म टुंगोमा पुऱ्याएको छैन ।

बरु २०७९ को चुनावबाट सांसद चुनिएर आए । माओवादी केन्द्रसहितका दलहरुसँग चुनावी गठबन्धन गरेका कारण कांग्रेसमा पटक-पटक सांसद भइरहेका नेताहरुलाई समेत टिकट दिन सकेन । तर शर्मा भने सहजै मोरङ-३ को उम्मेदवार भए ।

कांग्रेसभित्र डा. शेखर कोइराला निकट मानिने शर्माले सभापति शेरबहादुर देउवासँग पनि त्यति नै राम्रो सम्बन्ध बनाएका कारण टिकट पाएको नेताहरु बताउँछन् ।

**गृह र अर्थमन्त्रीको राजीनामा माग्दा पक्राउ ?**

कांग्रेस नेताहरुका अनुसार पहिलो पटक सांसद भएका शर्मा प्रचण्ड सरकारमा मन्त्री बन्न चाहन्थे । तर न देउवाले उनलाई मन्त्रीको सूचीमा राखे, न डा. शेखरले नाम सिफारिस गरे । मन्त्री बन्न नपाएमा उनी निकै असन्तुष्ट देखिन्थे ।

पछिल्लो पटक सुन तस्करी प्रकरण आएपछि उनले आफ्नो असन्तुष्टि चर्को स्वरमा पोख्न थाले । भन्सार जाँचपास भइसकेको करिव एक क्विन्टल सुन २ साउनमा बरामद भएको थियो । ५ साउनमा बसेको कानुन न्याय तथा मानवअधिकार समितिको बैठकमा उनले गृहमन्त्री र अर्थमन्त्रीको राजीनामा मागे । सञ्चार माध्यमहरुमा समेत उनले निरन्तर गृह र अर्थमन्त्रीमाथि प्रश्न उठाए ।

स्रोतका अनुसार अर्थमन्त्री डा. प्रकाशशरण महतले सांसद शर्माले आफ्नो विषयमा जथाभावी बोल्दै हिँडेको भन्दै पार्टी सभापति शेरबहादुर देउवासम्म कुरा पुऱ्याएका थिए । पार्टी प्रवक्ता त्यसमाथि आफ्नै समूहका नेताले गुनासो गरेपछि देउवाले ९ साउनमा स्वकीय सचिव भानु देउवामार्फत शर्मालाई बोलाउन लगाएका थिए । शर्माले संसदमा बोलेपछि मात्र आउँछु भन्ने जवाफ दिए ।

१० साउनमा संसद बैठक थियो । एमाले सांसदहरुले सुन तस्करीमा गृह र अर्थमन्त्रीमाथि प्रश्न उठाँदै उच्चस्तरीय छानबिनको माग गऱ्यो । एमालेको अवरोधका बीच कांग्रेस महामन्त्री विश्वप्रकाश शर्मा, सांसद अर्जुन नरसिंह केसी र सांसद सुनिल शर्माले बोल्न हात उठाए । सभामुख देवराज घिमिरेले सुनिल शर्मालाई समय दिए । उनले गृहमन्त्री र अर्थमन्त्रीको राजीनामा मागे र यही विषय उठाएर आमरण अनसन बस्ने चेतावनी दिए ।

त्यसयता पनि गृह र अर्थमन्त्रीमाथि निरन्तर प्रश्न गर्दै आएका शर्मा बिहीबार पक्राउ परे । त्यसैले कांग्रेसकै नेताहरु शर्माको विवादित छविबारे जति प्रष्ट छन्, मन्त्रीहरुमाथि प्रश्न उठाएकै कारण पक्राउ गरिएको होइन भनेर त्यति नै शंका गर्छन् ।

शर्मालाई पक्राउ गरेपछि सीआईबीले सभामुखलाई पठाएको पत्रले पनि यो आशंकालाई बल दिन्छ ।

पत्रअनुसार कतिपय चिकित्सकले भारतीय नक्कली प्रमाणपत्र पेश गरी दर्ता भएको तथा दर्ता प्रमाणपत्र परीक्षामा सहभागी भएको पाइएकाले कानुन बमोजिम कारबाही गरिपाउँ भनेर नेपाल मेडिकल काउन्सिलले सूचना दिएको थियो । राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमीले १९९६ सालमा रोल कोड ६५०४, रोल नम्बर १०११७, आईस्सी तहको सुनिलकुमार शर्माको कैफियतमा अपुष्टता भनेर लेखेर आएकाले शैक्षिण प्रमाणपत्र कीर्ते गरेको कसुरमा अनुसन्धान गर्नुपर्ने भएकाले पक्राउ परेको सीआईबीले बताएको छ ।

तर राष्ट्रिय परीक्षा बोर्डको पत्र हालसालै होइन । सीआईबीकी निर्देशक किरण बज्राचार्यले हस्ताक्षर गरेको पत्रअनुसार बोर्डले एक वर्ष पहिले अर्थात ५ साउन २०७९ मा नै राष्ट्रिय परीक्षा बोर्डका शर्माबारे पत्र पठाएको देखिन्छ ।

साथै नेपाल मेडिकल काउन्सिलले नक्कली प्रमाणपत्रबारे सूचना पठाएको पनि सात वर्षअघि हो । सीआईबीले 'अपरेसन क्वाक' चलाएर आईएस्सीको नक्कली प्रमाणपत्र पेश गरेर चिकित्सा शिक्षा अध्ययन गरेको भन्दै डाक्टरहरुमाथि मुद्दा चलाएको थियो । त्यसबेला शर्मा भने भागेर जापान पुगेका थिए । एकाध अपवादबाहेक सबैजसो ठगी मुद्दामा जिल्ला अदालत काठमाडौंले डाक्टरहरुलाई सफाइ दिएपछि शर्मा नेपाल फर्किएका थिए ।

अहिले पनि नक्कली प्रमाणपत्रबारे छानबिनको नियमित प्रक्रियामा सांसद शर्मालाई पनि नियन्त्रणमा लिइएको हो भने स्वभाविक मान्नुपर्ने कांग्रेसका एक नेता बताउँछन् । तर गृह र अर्थमन्त्रीमाथि प्रश्न गरेकै कारण पुरानो फाइल खोलेर पक्राउ गरिएको हो भने स्वभाविक मान्न नसकिने उनी बताउँछन् ।

गृह मन्त्रालयका अधिकारीहरु भने आफ्नो पुरानो फाइल खुल्छ भन्ने थाहा पाएर नै शर्माले सुन प्रकरणमा जथाभावी बोलेको दाबी गर्छन् । नाम उल्लेख नगर्ने शर्तमा एक अधिकारी भन्छन्, 'हिजोको उनको दबाव र प्रभावमा रोकिएको थियो होला, अहिले हेर्न थालेको थाहा पाएपछि आक्रामक बोलेका हुन् ।'

सीआईबीकी निर्देशक किरण बज्राचार्यले पनि यो पुरानै अपरेशनको निरन्तरता भएको बताइन् । 'पुरानो केसहरु हेरेर अलि अगाडिबाटै अनुसन्धान भइरहेको थियो, त्यसकै निरन्तरतामा शर्माको शैक्षिक प्रमाण पत्रमाथि छानबिन भइरहेको थियो', उनले भनिन्, 'हालै पुष्टि भएपछि पक्राउ गरेका हौं ।'

*(स्रोतः अनलाइनखबर)*

# 'जुलेबी' गीत : जब यौनकर्मीसँग प्रेम बस्छ

काठमाडौं /गणेशदेव पाण्डेद्वारा निर्देशित फिल्म 'जुलेबी'को पहिलो गीत सार्वजनिक गरिएको छ । बिहीबार एक कार्यक्रमका बीच सार्वजनिक गरिएको 'आज मन भारी मगन' बोलको गीतमा केतन क्षेत्रीको स्वर, कोशिस क्षेत्री र केतन क्षेत्रीको शब्द रचना तथा संगीत छ । गीतमा फिल्मका पात्रहरुको मनोभाव र परिस्थितिलाई देखाइएको छ । फिल्मले उठाएको कथा गीतले अभिव्यक्त गरेको देखिन्छ ।



गीत सार्वजनिक कार्यक्रममा लेखक समेत रहेका पाण्डेले भने, 'फिल्मका पात्रहरुलाई रत्नपार्कले जोड्छ । फिल्मको कथा सातजना पात्रहरुको सम्बन्धको वरिपरि घुमेको छ ।' उनले यो कथा आफ्नो जीवनको भोगाइबाट उत्पन्न भएको अनुभव सुनाए ।

यसअघि उनले 'मञ्जरी' र 'गाँजाबाजा' गरी दुई फिल्मको निर्देशन गरिसकेका छन् । उनी लामो समयपछि फिल्म निर्देशनमा फर्किएका हुन् ।

अभिनेत्री सुरक्षा पन्तले 'जुलेबी'ले उठाएको कथामा धेरै फिल्म नबन्ने धारणा राखिन् । फिल्ममा यौनकर्मीको भूमिका निभाएकी उनी भन्छिन्, 'यस्तो कथामा नेपालमा धेरै फिल्म बन्दैनन् । हाम्रो समाजले हेर्ने दृष्टिकोणले फरक भएको तर उहाँहरु (यौनकर्मी) सुन्दर लाग्ने व्यक्तिहरु पनि हुनुहुन्छ । यौनकर्मीहरुको आ-आफ्नै कथा-व्यथा हुन्छ । फिल्ममा त्यो पाटोलाई पनि देखाउन खोजिएको छ ।'

एन्थोलोजी जनरामा बनेको फिल्मका कार्यकारी निर्माता नवीन भट्ट हुन् । फोर क्युब इन्टरटेन्मेन्टको ब्यानरमा निर्मित यस फिल्ममा सुरक्षासँगै निशा अधिकारी, उषा रजक, मोनिका थापा, सुशील सिटौला, पुष्कर कार्की, तुफान थापा, समीरमणी दिक्षितको पनि अभिनय छ । फिल्मकी निर्मात्री आभा शर्मा नेपाल हुन् । यो फिल्म आगामी भदौ १ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको छ ।

# 'काजी'मा भित्रिए विपिन, वर्षासँग जोडी बाँधिने

काठमाडौं/यतिबेला दुई अभिनेता दयाहाङ राई र विपिन कार्कीबीच नयाँ फिल्म सम्झौता गर्ने अघोषित प्रतिस्पर्धा नै चलेको देखिन्छ । दुवैको पाइपलाइनमा फिल्मको कमी छैन । तर, फिल्मको अफर ओइरिँदा उनीहरुले कहिले हप्ता त कहिले महिना दिनको अन्तरमा नयाँ फिल्म सम्झौता गरिरहेका छन् । जुनसुकै चरित्रमा ढाल्न सक्ने खुबी भएकाले पनि यी दुई स्टार मेकरको रोजाईमा परिरहेका हुन् ।



यसैक्रममा, विपिन नयाँ फिल्म 'काजी'मा जोडिएका छन् । बिहीबार उनले यो फिल्म सम्झौता गरेका हुन् । फिल्ममा विपिन टाइटल क्यारेक्टरमा प्रस्तुत हुने जानकारी प्राप्त छ । उनको जोडी अभिनेत्री वर्षा सिवाकोटीसँग बाँधिनेछ । लक्ष्मण रिजालको निर्देशनमा बन्न लागेको फिल्मको छायांकन आगामी भदौबाट सुरु गर्ने तयारी गरिएको छ । रामप्रसाद रिजालले यो फिल्मको निर्माण गर्नेछन् ।

रिजाल एन्ड रिजाल प्रोड्क्सनको ब्यानरमा निर्माण हुने फिल्ममा विजय बराल, बुद्धि तामाङ, सुमन कार्की र कैलाश कार्कीको पनि अभिनय रहनेछ । सुनिल मानन्धरको श्रीराम बालाजी पिक्चर्सले वितरण गर्ने फिल्मको छायांकन करिब १ दशकअघिको बेलायती परिवेशमा गरिने जनाइएको छ । निर्माण अगावै आगामी चैत ३० गतेलाई फिल्मको प्रदर्शन मिति समेत घोषणा गरिसकिएको छ ।

निर्माता रामप्रसाद रिजालको नयाँ फिल्म 'गणपति' आगामी भदौ १४ गतेबाट प्रदर्शन हुँदैछ । गत वर्ष उनी निर्मित फिल्म 'डिसेम्बर फल्स' प्रदर्शन भएको थियो । फिल्म निर्माणमा अहिलेसम्म अपेक्षित सफलता हासिल गर्न नसके पनि उनी 'फलामलाई फलामले नै काट्छ' भन्ने सोचले फिल्म निर्माणबाट पछाडि हटेका छैनन् । उनले 'डिसेम्बर फल्स २'को समेत निर्माण घोषणा गरिसकेका छन् ।

# राष्ट्र बैंकमा ११ सय कर्मचारी, सहायकभन्दा अधिकृत धेरै

काठमाडौं/नेपाल राष्ट्र बैंकमा कर्मचारी कार्यरत कर्मचारीहरु मध्ये करिब एक तिहाइ कर्मचारीको उमेर ३१ देखि ४० वर्ष रहेको देखिएको छ । केन्द्रीय बैंक आफैंले गरेको 'ह्युमन रिर्सोस म्यानेजमेन्ट प्राक्टिस इन नेपाल राष्ट्र बैंक' भन्ने अध्ययनमा कुल १ हजार ८२ जना कर्मचारीमध्ये ३ सय ५६ जना सो उमेर समूहका छन् । यो कुल कर्मचारीमध्ये ३२.९ प्रतिशत हो ।




त्यस्तै, ४१ देखि ५० वर्ष उमेर समुहका २५.८८ प्रतिशत कर्मचारी छन् । ५१ देखि ५८ वर्ष उमेर समुहका २१.९० जना र २० देखि ३० वर्ष उमेर समुहका १९.३२ कर्मचारी छन् । कुल कर्मचारीमा अधिकृत तहका कर्मचारीहरू ५६३ र सहायक तहका ५२५ जना रहेका छन् । कुल कर्मचारीमा अधिकृत तहका कर्मचारी ५२ प्रतिशत र सहायकस्तरका ४८ प्रतिशत देखिएको हो ।

अधिकृत तहका कर्मचारीमा कार्यकारी निर्देशकहरु १८ जना, निर्देशकहरु ५५ जना, उपनिर्देशक १९८ जना र सहायक निर्देशक २९० जना कार्यरत छन् । यस्तै, हेड एसिस्टेन्ट १६४ जना, एसिस्टेन्स २६२ जना र एसिस्टेन्स सहकायम १२ छन् । त्यसबाहेक ग्रेडिङ नभएका ८३ जना कर्मचारी रहेका छन् ।

राष्ट्र बैंकमा रहेको कर्मचारीमध्ये स्पेशल अफिसर (कार्यकारी निर्देशक) तहका कर्मचारीको औसत उमेर ५२.०८ वर्ष छ । यस्तै पहिलो तहका अफिसर (निर्देशक) तहका कर्मचारीको औसत उमेर ४७.२५ वर्ष , दोस्रो तहका अफिसर (उपनिर्देशक) तहका कर्मचारीको औसत उमेर ४६.११ वर्ष, तेस्रो तहका अफिसर ( सहायक निर्देशक) तहका कर्मचारीको औसत उमेर ३८.२५ वर्ष रहेको छ ।

असिस्टेन्ट प्रथम (हेड असिस्टेन्ट) को औसत उमेर ३८.२ वर्ष, असिस्टेन्ट द्वितीय (असिस्टेन्ट) तहको कर्मचारीको औसत उमेर ३३.०३ वर्ष, असिस्टेन्ट तेस्रो तह (डेपुटी एसिस्टेन्ट) कर्मचारीको औसत उमेर ५१.०१ वर्ष र ग्रेडिङ नभएको अन्य कर्मचारीको औसत उमेर ४९.८७ वर्ष रहेको छ ।

नेपाल राष्ट्र बैंकमा सन् १९८८ मा सर्वाधिक ३३०८ जना कर्मचारी पुग्दा २०२२ मा १०८२ मात्रै रहेको प्रतिवेदनमा उल्लेख छ । राष्ट्र बैंकमा २०१८ मा कर्मचारी संख्या ९५१ जनासम्म झरेको थिए ।

त्यसपछि बढ्दो क्रममा छ । राष्ट्र बैंकका कुल कर्मचारीमध्ये २६७ जना महिला र ८१५ जना पुरुष छन् । कुल कर्मचारीमा प्रशासन तर्फका १ हजार १६ जना र प्राविधिक ६६ जना रहेको छन् ।

राष्ट्र बैंकका कुल कर्मचारी मध्ये १४ जना पीएचडी गरेका छन् । यस्तै एमफील गरेका १४ जना कर्मचारी छन् । स्नातकोत्तर गरेका ६०७ जना छन् । चार्टर्ड एकाउन्टेन्ट ५३ जना छन् । स्नातक गरेका ६७ जना छन् । यस्तै प्लस टु अध्ययन गरेका ६७ जना र एसएलसी वा सोभन्दा कम अध्ययन गरेका ५८ जना छन् ।

**२५ वर्षभन्दा बढी काम गर्ने १८६ कर्मचारी**

राष्ट्र बैंकको कर्मचारीले अवकास पाउन सेवा सुरु गरेको ३० वर्ष पूरा भएको वा उमेर ५८ वर्ष हुनुपर्छ । ३० वा ५८ मध्ये जुन पहिले पुरा हुन्छ सोही अनुसार अवकास पाउँछन् । यस्तै कार्यकारी निर्देशक तहको कर्मचारीमा बढुवा भएको ७ वर्षमा अवकाश हुन्छ । राष्ट्र बैंकका कार्यकारी निर्देशकमध्ये २५ वर्षभन्दा बढी समयदेखि कार्यरत रहेको १ जना मात्रै छन् । यस्तै २० देखि २५ वर्ष काम गरेका १२ जना र १५ देखि २० वर्ष काम गरेका ५ जना कार्यकारी निर्देशक छन् ।

१ हजार ८२ जना कर्मचारीमध्ये सेवा अवधि ५ वर्ष नपुगेका ३३.५ प्रतिशत कर्मचारी छन् । यस्तै ५ देखि १० वर्ष सेवा अवधि भएका १९.३२ प्रतिशत कर्मचारी छन् । १० देखि १५ वर्ष सेवा अवधि भएका ११.२८ प्रतिशत कर्मचारी छन् । १५ देखि २० वर्ष सेवा अवधि भएका ४.०७ प्रतिशत कर्मचारी छन् । २० देखि २५ वर्ष सेवा अवधि भएका १४.६० प्रतिशत र २५ देखि ३० वर्ष सेवा अवधि भएका १७.१९ प्रतिशत कर्मचारी छन् । कार्यकारी निर्देशक १८ जनामध्ये ४ जना कार्यकारी निर्देशक भएको १ वर्ष पनि पुगेको छैन । यस्तै, ६ जना कार्यकारी निर्देशक उक्त पदमा बढुवा भएको २ देखि ३ वर्ष भएको छ । ८ जना कार्यकारी निर्देशकको उक्त पदमा बढुवा भएको ३ देखि ५ वर्ष भएको छ । *(स्रोतः अनलाइखबर)*

# कपनको खोलामा काठमाडौं-बुढानीलकण्ठ आमनेसामने

काठमाडौं /काठमाडौं महानगरपालिका बिहीबार मध्याह्न बुढानीलकण्ठ नगरपालिका सिमानानेर पर्ने कपन खोला माथिका संरचना हटाउने भन्दै दुई डोजर, ठूलो संख्यामा प्रहरीसहित गयो ।

काठमाडौं वडा ७ को र बुढानीलकण्ठ नगरपालिका-१० को सिमाना खहरे खोला साततल्ले चोकमा नगर प्रहरी सहित डोजर पुगेपछि स्थिति तनावग्रस्त बन्यो । बुढानीलकण्ठका १० नम्बर वडाध्यक्ष नवराज भट्टराई स्थानीयबासीसहित डोजर रोक्न आइपुगेका थिए । सोही क्रममा काठमाडौं महानगर प्रहरीले भट्टराईलाई छेकेका थिए ।

भट्टराईले आफूमाथि काठमाडौं नगर प्रहरीले बल प्रयोग गरेको बताए । 'छलफलविना एक्कासी डोजर आएपछि के हो भनेर बुझ्न जाँदा म माथि दुर्व्यवहार भयो । हातपात गर्न खोजे, त्यसपछि स्थानीयले पनि विरोध गर्दा केही समय अवस्था बिग्रिएको हो,' उनले भने ।

महानगरपालिकाले साँध-सिमानामा पर्ने स्थानमा सम्बन्धित पालिकासँग छलफल नै नगरी सडकपेटीबाट ठेला उठाउँदा गर्ने व्यवहार गरेको भन्दै उनले नगर प्रहरी प्रमुख राजु पाण्डेलाई ज्यादती गरेको आरोप लगाए । 'माथिल्लो तहमा रिपोर्टिङ गर्नुस्, छलफल र समन्वय विना डोजर चलाउन मिल्दैन भन्दा, पाण्डेले एकदम हेपेर बोले । त्यसपछि नगर प्रहरीले दुर्व्यवहार गरे', भट्टराईले भने ।

काठमाडौं महानगर प्रहरी प्रमुख राजु पाण्डेले भने वडाध्यक्ष भट्टराईले डोजरको चाबी नै खोस्न आएको दाबी गरे । 'महानगरको सम्पत्तिमाथि नै हमला गर्ने शैलीमा आउनुभयो, डोजर छेकेर तमासा गरेपछि महानगरले छेकेको मात्रै हो', पाण्डेले बताए ।

**वारिपारी दोहोरो नारा**

साततल्ले चोकको खहरेले काठमाडौं र बुढानीलकण्ठको सिमाना छुट्याउँछ । वडाध्यक्ष हित स्थानीयले डोजर रोकेपछि काठमाडौं ७ का स्थानीयले बुढानिलकण्ठ नगरपालिका विरुद्ध नाराबाजी गरे । काठमाडौं महानगर चावहिलतर्फ पर्छ भने बुढानीलकण्ठ कपनतर्फ पर्छ ।

काठमाडौंका स्थानीयले खोला खोल्नुपर्ने माग राखेका थिए । त्यसको काउन्टरमा साततले चोकमा काठमाडौं महानगर र नगर प्रहरी विरुद्ध बुढानीलकण्ठ नगरपालिकाका बासिन्दाले नारा लगाए । विशाल ट्रेड टावर अगाडि दोहोरो झडपको स्थिति आएपछि नेपाल प्रहरीले सशस्त्र प्रहरी बलले हस्तक्षेप गरेको थियो । कपनमा ठूलो संख्यामा स्थानीय जम्मा भएपछि बुढानीलकण्ठ नगरपालिकाका प्रतिनिधि, काठमाडौं महानगरपालिकाको नगर प्रहरी प्रमुख राजुनाथ पाण्डे र नेपाल प्रहरीबीच छलफल भएको थियो ।

'त्यहाँ कुरा गर्ने वातावरण थिएन, नजिकैको एक ठाउँमा गएर त्रिपक्षीय छलफल गरेका थियौं, तर त्यहाँ पनि नगर प्रहरी प्रमुख पाण्डेले झुट बोले', वडाध्यक्ष भट्टराईले भने । काठमाडौंका मेयर बालेन शाहले बुढानीलकण्ठका नगर प्रमुख मिठाराम अधिकारीसँग समन्वय गरेर डोजर पठाएको भन्दै झुट बोलेको भट्टराईले बताए ।

'नगर प्रहरीले प्रमुख अधिकारीसँग छलफल नै नगरी छलफल गरेको र सिडिओले पनि डोजर चलाउन अनुमति दिएको बताए, जबकी त्यस्तो अवस्था नै थिएन', उनले भने । मेयरहरूले दोहोरो कुरा गरेपछि डोजर तत्कालको लागि रोकिएको थियो ।

विहीबार करिब १२ बजेदेखि दिनभरि दुईवटा डोजर र ठुलो संख्यामा कपनमा जम्मा भएको नगर प्रहरी अपरान्ह भने यत्तिकै बागदरबार फर्केको छ । बुढानीलकण्ठका मेयर मिठाराम अधिकारीले काठमाडौंका मेयर बालेनलाई फोन गरेर विना समन्वय सिमानामा डोजर चलाउन नमिल्ने बताएका थिए ।

# निर्देशक रोजेर फिल्म गर्ने औकात मेरो छैन : माओत्से गुरुङ

काठमाडौं/रंगमञ्च र फिल्ममा गर्विलो नाम बनाएका कलाकार माओत्से गुरुङले पोखरामै बसेर अभिनयलाई निरन्तरता दिँदै आइरहेका छन् ।

हरेक फिल्ममा अभिनयको प्रशंसा बटुल्दै आएका उनले मुख्य भूमिकामा काम गरेको नयाँ फिल्म 'जय हो' आगामी भदौ ८ गतेबाट प्रदर्शनमा आउँदैछ । फिल्ममा उनले दोर्जेको क्यारेक्टर निभाएका छन् । उनलाई यो क्यारेक्टर आफ्नो चरित्रसँग मिलेको लाग्छ ।



केही दिनअघि पत्रकार भेटघाटमा गुरुङले भनेका थिए, 'विशेषगरी उमेर ढल्केर पनि विवाह हुन सकेको छैन र विवाहको र माइलो क्षण कैद गर्न पोखराबाट एकजना फोटोग्राफर लिएर ऊ मुस्ताङ गएको छ । त्यो फोटोग्राफर सँगै अरु पात्रहरु कसरी आउँछन् र दोर्जेको विवाहसम्म कस्तो खालको घटनाहरु घट्छन् भन्ने रमाइलो कथा छ । दोर्जेको क्यारेक्टर मेरो जीवनसँग पनि मिलेको छ ।'

उनको पहिलो विवाह २४ वर्षको उमेरमा भएको रहेछ । तर, विवाह लामो समय टिक्न सकेन । दोस्रो विवाह भने उनले उमेर अलि ढल्केपछि गरेका थिए । यसैले उनलाई दोर्जे क्यारेक्टर आफ्नो जीवनसँग मिलेको लाग्छ । रमाइलो गरिरहनुपर्ने दोर्जे क्यारेक्टरको स्वभाव पनि आफूसँग धेरै हदसम्म मिल्ने माओत्सेको अनुभव छ । आफ्नो क्यारेक्टर दर्शकलाई र माइलो लाग्ने उनको विश्वास छ ।

फिल्ममा आफ्नो उपस्थिति कस्तो रहन्छ भन्ने मात्र आफूले हेर्ने गरेको बताउँदै उनले निर्देशक रोजेर काम गर्ने औकातको कलाकार आफू नरहेको बताए । 'मैले फिल्म गर्दा हेर्ने भनेको मेरो उपस्थिति कस्तो रहन्छ भन्ने हो । चाहे एक सिन नै किन नहोस्, मेरो त्यहाँ अर्थ कति रहन्छ भनेर खोज्छु,' गुरुङ भन्छन्, 'निर्देशक रोजेर अभिनय गर्ने भन्ने चाहिँ हुँदैन । त्यो औकातको कलाकार म होइन ।'

**के तपाई फोटोकपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# राजनीतिमा विविधता, विकासमा एकता : नेता बानियाँ

साझाकुरा संवाददाता

हेटौंडा, २५ साउन/ राजनीतिक विविधता भएता पनि विकासमा एकता हुनु पर्नेमा नेपाली काँग्रेस बागमती प्रदेश सभापति एवम प्रदेशसभा सदस्य ईन्द्रबहादुर बानियाँले जोड दिएका छन् ।

आठौं राष्ट्रिय सामुदायिक वन दिवसको अवसरमा रानी सामुदायिक वन उपभोक्ता समूहले वीपी गणेशमान स्मृति शान्ति पार्कमा आयोजना गरेको वृक्षरोपण कार्यक्रमलाई सम्वोधन गर्दै नेता बानियाँले यस पार्कलाई धार्मिक पर्यटकीय पार्क बनाउनु पर्नेमा जोड दिए । नेता बानियाँले भने-'समाजमा धेरै थरीका मानिस बस्ने भएकाले सबैको सुझाव र सल्लाह लिई यस पार्कलाई आयआर्जनको रुपमा विकास गर्नुपर्छ ।' पार्कको विकासमा आफूले सदैव सहयोग गर्ने उनले बताए ।

कार्यक्रममा धुपी, मेङगो स्टीक, रक्तचन्दन लगायतका विरुवारोपण गरिएको हो । वन समूहका अध्यक्ष विष्णुप्रसाद न्यौपानेको सभाध्यक्षतामा कार्यक्रम भएको थियो । कार्यक्रममा हेटौंडा-६ का वडाअध्यक्ष विष्णुबहादुर दाहाल, ७ का वडाअध्यक्ष दामोदर गौतम, हेटौंडा-६ का वडासदस्य लेखराज ढकाल, विजय पौडेल, मुना बिक, निवर्तमान वडाअध्यक्ष अर्जुनप्रसाद चौलागाई, पर्यटन विकास आयोजना, हेटौडाका निमित्त प्रमुख रोशनकुमार श्रीबास्तव, डिभिजन वन कार्यालय, मकवानपुरका सहायक वनअधिकृत बसन्तराज गौतम, सव डिभिजन वन कार्यालय, हेटौडाका फरेष्टर यदुकुमार घिमिरे, जनकल्याण सहकारीका अध्यक्ष हिमाल पौडेल, कामधेनु बहुउद्धेश्यीय सहकारीका अध्यक्ष उदय बिडारी, समूहका उपाध्यक्ष केशव धिताल, वन समूहका कार्यसमिति, लेखा समिति, सल्लाहकार, सञ्चारकर्मी, स्थानीयको उपस्थिति थियो ।

पार्कका अध्यक्ष भीमसेन पौडेलले पार्कको आयब्यय विवरण पेश गरेका थिए भने पार्कका सचिव भरत सापकोटाले पार्कले गरेका विभिन्न गतिविधिको बारेमा जानकारी गराएका थिए । अवलोकनकर्तालाई अबलोकनको लागि उपयुक्त स्थान बनाउने उद्धेश्यका साथ पार्क निर्माण गरिएको हो ।

पार्कभित्र गोलघर, कार्यालय भवन, किरातेश्वर महादेवको मन्दिर, टीकटक गेट, शौचालय निर्माण भैसकेका छन् । वीपी, गणेशमान, मनमोहन, पुष्पलालको अर्धकदको शालिक, पिकनिक स्पट, झोलुङगे पुललगायत कार्यहरु गरिने पार्क समितिले जनाएको छ ।

# हेटौंडा-११ मा बजार अनुगमन

साझाकुरा संवाददाता

हेटौंडा, २५ साउन/ हेटौंडा उपमहानगरपालिका वडा नम्वर ११ थानाभन्ज्याङमा बिहीबार बजार अनुगमन गरिएको छ । हेटौंडा उपमहानगरपालिका अन्तर गत पर्ने स्थानीय बजार अनुगमन समितिले थानाभन्ज्याङक्षेत्रमा पर्ने विभिन्न २३ वटा पसलको अनुगमन गरेको हो ।

अनुगनम समितिका संयोजक तथा हेटौंडा उपमहानगरका प्रवक्ता सविन न्यौपानेका अनुसार, यो क्षेत्रमा रहेका किराना पसल, मासु पसल, होटल र ग्यारेज गरी २३ वटा पसलहरुको अनुगमन गरिएको हो ।

समितिले यो क्षेत्रको १० वटा होटलको अनुगमन गर्दा एउटा होटलले कानूनी प्रक्रिया पूरा नगरी होटल संचालन गरेको पाइएकोले ती होटललाई शिल गरिएको छ ।

यस्तै, समितिले ५ वटा किराना पसलको अनुगमन गर्दा ३ वटा किराना पसलले कानूनी प्रक्रिया पूरा गरी पसल दर्ता नगरिएको पाएको हुँदा दर्ता नगर्ने किराना पसललाई पनि शिल गरिएको अनुगमन समितिका संयोजक न्यौपानेले बताए । त्यसैगरी, समितिले २ वटा मासु पसल, ३ वटा ग्यारेज र ३ वटा खाजाघरलाई पनि सरसफाइ नगरिएको पाइएकोले ती पसलहरुलाई सरसफाई गर्न निर्देशन दिएको उनले बताए ।

न्यौपानेका अनुसार, अनुगमन समितिले थानाभन्ज्याङको विभिन्न पसलमा अनुगमन गर्दा अवैध रुपमा सूर्तीजन्य पदार्थ, चुरोट १४ पेटी, गुड्खा ४ प्याकेट र ५ प्याकेट सूर्ती बरामद गरिएको र ती सूर्तीजन्यपदार्थलाई आवश्यक कानूनी प्रक्रियाको लागि उपमहानगर पालिकाको कार्यालयमा ल्याइएको छ ।

# पौड्याल एक लाख राशीसहित पुरस्कृत

साझाकुरा संवाददाता




हेटौंडा, २५ साउन/ डिभिजन वन कार्यालय मकवानपुरमा कार्यरत शसस्त्र वन सुरक्षा साखा प्रमुख यादविन्द्र पौड्याल एक लाख रुपैयाँ राशीसहित पुरस्कृत भएका छन् । पौड्यालले गणेशबहादुर शाही संरक्षण राष्ट्रिय पुरस्कार प्राप्त गरेका हुन् ।

वन तथा भूसंरक्षण बिभागले प्रदान गरेको एक लाख रुपैयाँ राशीको पुरस्कार पौड्याललाई प्रदान गरिएको हो । वनको संरक्षण, सम्वर्द्धन, दिगो उपयोग, वातावरण सन्तुलन तथा जैविक विविधता संरक्षणमा पुऱ्याएको योगदानको कदर गर्दै पुरस्कृत गरिएको हो । यो पुरस्कार वन क्षेत्रको ठुलो राशीको पुरस्कार हो । वन संरक्षणमा वनरक्षकहरुलाई उत्साह जगाउने उद्धेस्यले वन तथा भूसंरक्षण बिभागले यो पुरस्कार प्रदान गर्ने गरेको छ । पौड्याललाई संघीय सरकारको वन तथा वातावरण मन्त्री डा. बीरेन्द्रप्रसाद महतोले नगद रकम सहित पुरस्कार हस्तान्तरण गरेका हुन् ।

सामुदायिक वन दिवसको अवसरमा आयोजित कार्यक्रममा वन तथा वातावरण मन्त्रालयका सचिव डा. रेवतीरमण पौडेल, विभागका महानिर्देशक शिवकुमार वाग्ले लगायतको उपस्थिति रहेको थियो ।

# मकवानपुरमा कांग्रेसको विशेष आन्तरिक अभियान

साझाकुरा संवाददाता



हेटौंडा, २५ साउन/ नेपाली कांग्रेसले देशभर पार्टीको विशेष आन्तरिक अभियान सुरु गरेको छ । साउन २० गतेदेखि ३० गतेभित्र पार्टीको विभिन्न इकाईं समितिको बैठक बस्ने गरी पार्टी चलायमान बनाउन विशेष आन्तरिक अभियान सुरु गरिएको हो ।

अभियानअन्तर्गत् साउन २० र २१ गते नेपाली कांग्रेस मकवानपुरको पूर्णकार्यसमिति बैठक बसेर अभियान आरम्भ गरिसकिएको छ । बैठकले पार्टीको हितमा विभिन्न निर्णयसमेत गरेको मकवानपुर जिल्ला सभापति बुद्ध लामाले जानकारी दिए । लामाका अनुसार साउन २३ र २४ गते मकवानपुर प्रतिनिधिसभा क्षेत्र-१ र २ को बैठक बसेको थियो । सोही अभियानअन्तर्गत् साउन २५ र २६ गते मकवानपुरको प्रदेशसभा, नगरपालिका र गाउँपालिका समितिको बैठक बस्नेछन् ।

साउन २७ र २८ गते मकवानपुर जिल्लाका सबै वडागत समितिको बैठक बस्नेछन् भने २९ गते नेपाली कांग्रेसबाट निर्वाचित जनप्रतिनिधिसँग बैठक हुनेछ । ३० गते जिल्लाका कार्यकर्ता भेला गरी अभियान समापन गरिने सभापति लामाले बताएका छन् ।

# विद्यार्थीको यातायात खर्च वडाले व्यहोर्ने




साझाकुरा संवाददाता

हेटौंडा, २५ साउन/ हेटौंडा उपमहानगरपालिका वडा नम्वर १८ ले विद्यार्थीका लागि यातायात भाडाको सुविधा दिने भएको छ ।

वडाले विश्वविद्यालय तहको शिक्षाआर्जन गर्ने क्रममा हेटौंडा बजार क्षेत्रसम्म सवारीसाधान प्रयोग गरी पुग्नुपर्ने विद्यार्थीको यातायात खर्च भुक्तानी गरिदिने कार्यक्रम ल्याएको हो । वडाका विद्यार्थीलाई यातायात खर्चकै कारण नियमित पठनपाठनमा समस्या हुने अवस्था आउन नदिन कार्यक्रम ल्याइएको वडाअध्यक्ष अनिल बानियाँले जानकारी दिए । १८ नम्बर वडा कार्यालयले एक सूचना जारी गर्दै हेटौंडा बजारक्षेत्रमा रहेका क्याम्पसमा विश्वविद्यालय तहको शिक्षा हासिल गर्ने विद्यार्थीलाई यातायात खर्च भुक्तानीको लागि आवश्यक कागजातको सहित वडा कार्यालयमा निवेदन दिन अनुरोध गरेको छ ।

यातायात खर्च अभावकै कारण विद्यार्थीले शिक्षा हासिल गर्नबाट बञ्चित हुनहुँदैन भन्ने उदेश्यले यो कार्यक्रम लागु गरिएको वडाध्यक्ष बानियाँले बताए । आफूहरुले जनताको आवश्यक्ताका कार्यक्रमलाई प्राथमिकतामा राखेर काम अघि बढाएको उनको भनाई छ । अध्ययनका लागि विद्यार्थीलाई यातायात खर्चको व्यवस्था गर्ने १८ वडा जिल्लाकै पहिलो वडा कार्यालय पनि हो ।

# स्थापना दिवसको अबसरमा मामाघरलाई सहयोग

साझाकुरा संवाददाता




हेटौंडा, २५ साउन/ नमूना प्रगति सहकारी संस्था लिमिटेडले आफ्नो २६ औं स्थापना दिवसको अबसर पारेर मामाघर नेपाललाई सहयोग गरेको छ ।

सहकारीले मामाघर नेपाललाई ११ हजार १ सय ११ रुपैयाँ सहयोग हस्तान्तरण गरेको हो । मामाघर नेपालका कोषाध्यक्ष नवीन सिलवाललाई ११ हजार १ सय ११ रुपैयाँ बराबरको चेक हस्तान्तरण गरिएको छ । सहकारी संस्थाका अध्यक्ष मीठाराम दाहालको सभाध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेश सहकारी विकास बोर्डका उपाध्यक्ष तथा संस्थाका सल्लाहकार नारायणप्रसाद देवकोटाको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा जिल्ला बचत तथा ऋण सहकारी संघ मकवानपुर की अध्यक्ष कल्पना श्रेष्ठ, मकवानपुर जिल्ला सहकारी संघका व्यवस्थापक गोविन्द दाहाल, राष्ट्रिय सहकारी बैंक हेटौंडा शाखाका प्रमुख रामेश्वर अर्याल, शिक्षक हित बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष सीताराम दाहाललगायतको उपस्थिति थियो ।

सहकारी संस्थाले हेटौंडा उपमहानगरपालिका-२ मा मुख्य कार्यालय र हेटौंडा-१७ मा सदस्य सम्पर्क कार्यालय मार्फत सदस्यहरुलाई सेवा दिइरहेको व्यवस्थापक बद्रीप्रसाद भण्डारीले जानकारी दिए । उनकाअनुसार संस्थामा हाल २ हजार ६ सय २ जना सदस्यले कारोबार गरिरहेका छन् । संस्थाले हरेक वर्ष विविध कार्यक्रम गरी स्थापना दिवस मनाउँदै आइरहेको छ ।

# दुर्गमका कर्मचारीलाई सुगममा सरुवा गर्न सुरु

काठमाडौं, २५ साउन/ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले दुर्गम क्षेत्रमा कार्य अवधि पूरा गरेका कर्मचारीहरुको रोजे अनुसारका सुगम क्षेत्रका कार्यालयमा सरुवा थालेको छ ।

सरुवाका लागि सोर्सफोर्स लगाउन नसकेकै कारणले दुर्गम क्षेत्रका कार्यालयमा मात्रै रहिरहनुपर्ने बाध्यतामा रहेका कर्मचारीहरुलाई सामान्य प्रशासन मन्त्री अमनलाल मोदीको निर्देशनमा उनीहरूले रोजे अनुसारकै सुगम क्षेत्रका कार्यालयमा सरुवा गर्न थालिएको हो ।

मन्त्रालयले दुर्गम क्षेत्रमा कार्यअवधि पूरा गरेका कर्मचारीहरुबाट सुगम क्षेत्रका कार्यालयसहित रोजेर निवेदन दिन ९ दिनको समय दिएर निवेदन मागेको थियो । त्यस्तै सुगम क्षेत्रमा कार्य अवधि पूरा गरेका कर्मचारीबाट पनि दुर्गम क्षेत्रका कार्यालय रोजेर निवेदन माग गरेका थिए ।

सोही निवेदनअनुसार माग भएको कार्यालयमा पहिलो चरणमा नायब सुब्बाहरुको सरुवा भएको छ । दुर्गमका विभिन्न जिल्लामा वर्षौंदेखि सेवा प्रवाह गरिरहेका कर्मचारीहरुको उनीहरुले मागे अनुसारका कार्यालयमा सरुवा भएको छ ।

जसअनुसार जिल्ला प्रशासन कार्यालय डोटीमा ५ वर्षदेखि कार्यरत नासु तिलक नेपालीको खानेपानी मन्त्रालयमा सरुवा भएका छन् । त्यस्तै इलाका प्रशासन कार्यालय पचौडी बैतडीमा ३ वर्षदेखि कार्यरत नासु नन्दराज पन्त भौतिक पुर्वाधार तथा यातायात मन्त्रालयमा सरुवा भएका छन् ।

ईलाका प्रशासन कार्यालय जोगबुढा डडेल्धुरामा ३ वर्षदेखि कार्यरत नासु लाल बहादुर धामीको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय वा अन्तर्गत, सडक डिभिजन भातकाडा डोटीमा ३ वर्षदेखि कार्यरत नासु सुनिल कुमार रोकायको सहरी विकास मन्त्रालय वा अन्तर्गत्, जिल्ला प्रशासन कार्यालय मनाङमा ३ वर्षदेखि कार्यरत नासु गणेश न्यौपानेको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र जिल्ला निर्वाचन कार्यालय मुगुमा २ वर्षदेखि कार्यरत नासु रत्न बहादुर रावलको श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वा अन्तर्गत्को कार्यालयमा मागे अनुसारकै कार्यालयमा सरुवा भएको छ ।

*(स्रोत: अनलाइनखबर)*

**चट्याङ्गको समयमा सतर्क रहौं।**

चट्याङ्गबाट बच्ने उपाय:

- बिजुली चम्केको बेला सतर्कता अपनाउने,
- विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुरक्षा ठाउँमा बस्ने,
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा प्रवेश गर्ने,
- सकभर अग्लो स्थानमा नबस्ने,
- धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**खुल्दैछ ! खुल्दैछ ! खुल्दैछ !**

(उत्तराखण्ड चारधाम)

बद्रीनाथ केदारनाथ तिर्थयात्राको लागि २०८० भदौ १८ गतेबाट विभिन्न मितिमा रिजर्भ बस खुल्दैछ ।

**दर्शनीय स्थानहरु** :- महेन्द्रनगर, हरिद्वार, ऋषीकेश, फुलछट्टी, एमनोत्री (पहिलो धाम) ६ कि.मी. पैदल यात्रा, उत्तर काँशी, गंगनानी, गंगोत्री (दोश्रो धाम) रूद्र प्रयाग, गुप्तकाँशी, गौरीकुण्ड, केदारनाथ (तेश्रो धाम) १४ कि.मी. पैदल यात्रा (जोशी मठ) बद्रीनाथ, (चौथो धाम) ब्रम्हकपाली गरी १७ देखी १८ दिनमा नेपाल आईपुग्नेछ ।

भाडा प्रति यात्री ने.रु. ३०००५/- लाग्ने छ (बिहान बेलुकी खाना सहित ) नोट:- रिक्सा टाङ्गा, धर्मशाला, अन्य खर्च यात्रु स्वयंले बेहर्नुपर्नेछ ।

सम्पर्क:-
**गोपाल थापा, हेटौंडा बसपार्क**
मोवाईल नं. : ९८४५२९७६८१ घण्टी बाजे मनरवा, बारा,
मोवाईल नं. ९८४५८०८४०२

# छापिएको दुई लाख लाइसेन्स लिन आएनन् सेवाग्राही

काठमाडौं, २५ साउन/ नागरिकले चालक अनुमतिपत्र पाउन डेढवर्षसम्म कुरिरहँदा लाखौं सेवाग्राहीले भने छापिएर आएको अनुमतिपत्र लिएका छैनन् । अहिले झण्डै दुई लाखभन्दा बढी अनुमतिपत्र थन्किएर रहेको एकान्तकुनास्थित यातायात व्यवस्था कार्यालयले जनाएको छ ।

कतिपय सेवाग्राहीले एउटा वर्गभन्दा थप वर्गको अनुमतिपत्र लिएकाले, कतिपय विदेश गएकाले र कतिपय काठमाडौं उपत्यका बाहिर गएकाले छापिएर आइसकेको अनुमतिपत्र बुझ्न नआएका हुन् । अहिले सेवाग्राहीले चालक अनुमतिपत्र नवीकरण गरेपछिको एकडेढ वर्षमा मात्रै अनुमतिपत्र पाउने अवस्था रहेको जनाइएको छ ।

धेरै सेवाग्राहीले एउटा अनुमतिपत्र नवीकरणका लागि निवेदन दिएर त्यो नआउँदै दोस्रो वर्गको सवारीसाधनको अनुमतिपत्रका लागि परीक्षा दिने गरेको कार्यालयका प्रमुख राजकुमार कपालीले बताए ।

उनले भने, 'नयाँ छापिएर आएपछि सेवाग्राहीले नवीकरण गर्न दिएको अनुमतिपत्र चाहँदैनन् र वर्षौंसम्म त्यसै रहन्छ ।'

एकै समयमा नवीकरणका लागि पनि आउने र अर्को प्रकारको 'ट्रायल' पास गरेर नयाँ लिने सेवाग्राहीको संख्या धेरै रहेको छ ।

पुरानो रद्द गरेर मात्रै नयाँ छापिने व्यवस्था नहुँदा एउटै व्यक्तिको एकै समयमा दुई अनुमतिपत्र छापिने गरेको उनले बताए । राज्यले दोहोरो परिचयापत्र छाप्नुपर्दा घाटा र अर्कातर्फ यातायात कार्यालयमा अनुमतिपत्र बढी हुँदा व्यवस्थापनमा समस्या हुने गरेको प्रमुख कपालीले बए । एकै समयमा एउटै व्यक्तिको दुई वटा अनुमतिपत्र हुँदा वितरण गर्नका लागि धेरै जनशक्ति लाग्ने गरेको उनको भनाइ थियो ।

प्रमुख कपालीले भने, 'अहिले हामीसँग अनुमतिपत्रको संख्या दुई लाख छ तर एक दिनमा लिन आउने पाँच सय जना छ ।' अहिले कार्यालयमा तीन चार वर्ष पुराना धेरै अनुमतिपत्र रहेका छन् । कतिपय सेवाग्राहीको अनुमतिपत्र लिन नआउँदै अवधि सकिने गरेको उनले बताए ।

एकातिर अनुमतिपत्र छापिएर आउनै एकवर्ष बढी लाग्ने र अर्कातिर सेवाग्राही छापिएर आउनासाथ नआउने हुँदा धेरैभन्दा धेरै अनुमतिपत्र थन्किने गरेको कार्यालयमा कार्यरत कर्मचारीको भनाइ थियो । अनुमतिपत्र लिन आउँदासम्म अवधि सकिएको भन्दै धेरै सेवाग्राही कर्मचारीसँग झगडा गर्ने गरेको देखिन्छ । कहिले आउँदा अनुमतिपत्र आएको छैन भन्ने र छापिएर आउँदा पहिले नै अवधि सकिने भन्दै उनीहरुले आक्रोस पोख्ने गरेका हुन् ।

# बागमतीमा सवारी कारबाहीमा २६ करोड जरिवाना गराइयो



साझाकुरा संवाददाता

हेटौंडा, २५ साउन/ बागमती प्रदेशमा सवारी साधन कार्बाहीबाट २६ करोड रुपैयाँ भन्दा बढी जरिवाना रकम संकलन गरिएको छ ।

बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडा अन्तरगत काठमाडौं उपत्यका बाहेकका १० जिल्लाबाट बितेको आर्थिक वर्षमा सवारी साधनलाई कार्बाही गरेवापत २६ करोड ३६ लाख ८३ हजार ५०० सय रुपैयाँ जरिवाना रकम संकलन गरेको हो ।

बितेको आर्थिक वर्ष २०७९/८० मा २ लाख ९१ हजार २९३ वटा सवारीका साधनलाई कारबाही गरेर राजश्व संकलन गरिएको हो । ट्राफिक नियम उलङ्घन गरी सवारी चलाएवापत यो रकम संकलन गरिएको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

अघिल्लो आर्थिक वर्ष २०७८/७९ मा बागमती प्रदेशका १० जिल्लामा २ लाख ५० हजार ९ वटा सवारी साधनलाई कार्बाही गरेवापत २४ करोड १ लाख ७० हजार रुपैयाँ राजश्व रकम संकलन गरिएको थियो । तर, यसको तुलनामा बितेको आर्थिक अघिल्लो वर्षमा भन्दा धेरै रकम राजश्व संकलन गर्न सफल भएको ट्राफिक प्रहरी कार्यालयले जनाएको छ ।

# प्रहरी श्रीमती संघद्वारा वृक्षरोपण

साझाकुरा संवाददाता




हेटौंडा, २५ साउन/ नेपाल प्रहरी श्रीमती संघले बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाको परिसरमा वृक्षरोपण गरेको छ । संघको ३९ औं वार्षिकोत्सवको अवसरमा कार्यालय परिसरमा वृक्षरोपण गरिएको हो ।

संघले अमला, अम्वा, कपुर, निम, कागती, भोगटेलगायत विभिन्न प्रजातिका १२० वटा बिरुवाहरु रोपिएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

कार्यक्रममा बागमती प्रदेश प्रहरी प्रमुख प्रहरीनायव महानिरीक्षक किरण राणा, बागमती प्रदेश प्रहरीप्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक दीपक रेग्मी, बागमती प्रदेश प्रहरी गण हेटौंडाका गणप्रमुखलगायत ९० जना सकल दर्जाका प्रहरी कर्मचारीको सहभागिता रहेको थियो ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना